म.जि.प्र.का.द.नं. : १०६/०६८, | वर्ष १५ | अंक १७४ | आइतबार, २५ माघ २०८२ | ने. सं. ११४६ सिल्लागा | 8 February 2026 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**योग गरौं, स्वस्थ जीवन अपनाऔं**

- नियमित व्यायाम तथा योगले तनावबाट राहत दिन्छ ।
- योग अभ्यासले शरीरलाई लचिलो, मनलाई शान्त र सोचलाई सकारात्मक बनाउँछ ।
- नियमित योगले उच्च रक्तचाप, मधुमेह, मोटोपन तथा तनावजन्य रोग नियन्त्रण गर्न मद्दत गर्छ ।
- बिहान वा साँझ कम्तीमा ३० मिनेट योग अभ्यास गर्ने बानी बसालौं।
- योग गर्दा स्वच्छ वातावरण, खाली पेट र सहज आसनको प्रयोग गरौं ।
- बालबालिका, युवा, वृद्ध सबैका लागि योग लाभदायक छ ।
- योग उपचारात्मक भन्दा रोग निरोधात्मक विधि हो ।
- योग गरौः स्वास्थ्य बनौ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### थाहानगर उद्योग वाणिज्य संघको साधारणसभा सम्पन्न

# सहकार्यको लागि स्थानीय सरकार तयारः नगरप्रमुख विष्ट

साझाकुरा संवाददाता

हेटौंडा, २४ माघ/ थाहानगर उद्योग वाणिज्य संघको १० औँ वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ ।

थाहा नगरपालिकास्थित पालुङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको सभाहलमा आयोजित साधारणसभा व्यवसायी, उद्योगी, विभिन्न राजनीतिक दलका प्रतिनिधि, सहकारी अभियन्ता तथा सरोकारवालाको उल्लेखनीय उपस्थितिमा सम्पन्न भएको हो । संघका अध्यक्ष पुरुषोत्तम ढकालको सभाध्यक्षता एवम् थाहा नगरप्रमुख विष्णु विष्टको प्रमुख आतिथ्यतामा साधारणसभा भएको हो । नगरप्रमुख विष्टले उद्योग वाणिज्य संघसँग स्थानीय सरकारको सहकार्य निरन्तर रहने प्रतिबद्धता व्यक्त गरे । उनले थाहानगरको आर्थिक समृद्धिका लागि निजीक्षेत्रको भूमिका अत्यन्त महत्वपूर्ण रहेको उल्लेख गर्दै उद्योग, व्यापार, पर्यटन र कृषिको समन्वित विकास मार्फत स्थानीय अर्थतन्त्र सुदृढ बनाउन सकिने धारणा राखेका छन् ।




नगरपालिकाले व्यवसाय मैत्री नीति, आवश्यक पूर्वाधार निर्माण तथा सहजीकरणमा जोड दिने बताउँदै संघसँग सहकार्य गर्दै अघि बढ्ने स्पष्ट पारे । वक्ताहरुले थाहानगरको आर्थिक, सामाजिक तथा व्यावसायिक विकासमा उद्योग वाणिज्य संघले खेलेको भूमिकाको प्रशंसा गर्दै आगामी दिनमा अझ सक्रिय, सशक्त र परिणाममुखी कार्यक्रम सञ्चालन गर्न आग्रह गरेका छन् । व्यवसायीको हकहित संरक्षण, स्थानीय उत्पादनको प्रवर्द्धन, उद्यमशीलताको विकास र लगानीमैत्री वातावरण निर्माणमा संघले अझ सशक्त पहल गर्नुपर्नेमा जोड दिइएको थियो ।

कार्यक्रममा सहभागी वक्ताले संघ र स्थानीय सरकार बीचको सहकार्यले मात्र दिगो विकास सम्भव हुने उल्लेख गर्दै थाहा नगरलाई व्यवसायिक केन्द्रकारुपमा स्थापित गर्न सबै पक्ष एकजुट हुनुपर्नेमा जोड दिए । साधारण सभाको औपचारिक सत्रमा संघका महासचिव जर्म श्रेष्ठले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै गतवर्ष संघले सञ्चालन गरेका कार्यक्रम, उपलब्धि, चुनौती तथा आगामी कार्ययोजनाबारे विस्तृत जानकारी गराए । उनले संघले व्यवसायीको समस्या समाधान, विभिन्न सरोकारवाला निकायसँग समन्वय, सीपमूलक तालिम, बजार व्यवस्थापन, कर तथा नीतिगत विषयमा परामर्श जस्ता क्षेत्रमा उल्लेखनीय कार्य गरेको बताए ।

त्यसैगरी कोषाध्यक्ष प्रदीप प्रधानले गत आर्थिक वर्षको आयव्यय विवरणसहितको वित्तीय प्रतिवेदन प्रस्तुत गरे । प्रस्तुत प्रतिवेदनमा संघको आर्थिक अवस्था सन्तोषजनक रहेको जानकारी दिँदै पारदर्शिता, अनुशासन र जिम्मेवारीपूर्ण आर्थिक व्यवस्थापनलाई प्राथमिकता दिइएको उल्लेख गरे । सभाले प्रस्तुत प्रतिवेदनमाथि छलफल गरी सर्वसम्मतरुपमा पारित गरेको थियो । सभाध्यक्ष तथा संघका अध्यक्ष ढकालले भावी नीति तथा कार्यक्रम प्रस्तुत गर्दै संघको मूल उद्देश्य स्पष्ट पारे । उनले भने, 'संस्थाको मूललक्ष्य व्यावसायिकमैत्री वातावरण निर्माण गर्नु, स्थानीय उद्योग तथा व्यापारको संरक्षण, संवर्द्धन र दिगो विकास गर्नु हो ।'

उनले संघको पहिलो प्रतिबद्धता व्यवसायमैत्री वातावरण सुदृढ बनाउने, प्रविधिमैत्री सीप विकास कार्यक्रम सञ्चालन गर्ने, पर्यटन, कृषि र उद्योगको एकीकृत विकासलाई जोड दिने, स्थानीय उत्पादन र लगानी प्रवर्द्धन गर्ने तथा समावेशी उद्यमशीलतालाई प्रोत्साहन गर्ने रहेको बताए । उनले थाहानगरलाई सम्भावनायुक्तक्षेत्रका रुपमा विकास गर्न निजीक्षेत्र र स्थानीय सरकारबीच सहकार्य आवश्यक रहेको उल्लेख गर्दै बजार व्यवस्थापन, पूर्वाधार विकास, डिजिटल प्रविधिको उपयोग, युवालाई उद्यमशीलतामा आकर्षित गर्ने कार्यक्रम तथा महिला र साना व्यवसायीलाई प्राथमिकतामा राख्ने नीति अवलम्बन गरिने बताए ।

सभामा नेकपा (एमाले) थाहा नगरअध्यक्ष सुरेन्द्रमान प्रधान, नेपाली कांग्रेस थाहा नगरउपसभापति नवराज कार्की, नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका कोषाध्यक्ष तथा थाहानगर उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष कविराज खत्री, नेपाल उद्योग वाणिज्य संघ बागमती प्रदेशका सदस्य जीवनकाजी माकाजु, शिखर बचत तथा ऋण सहकारी संस्था अध्यक्ष मनोज रायमाझी, मकवानपुर उद्योग वाणिज्य संघ उत्तरीक्षेत्र समितिका संस्थापक अध्यक्ष विमलकुमार ढकाललगायत विशिष्ट व्यक्तित्वले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

संघका वरिष्ठ उपाध्यक्ष शम्भुसिंह कार्कीले धन्यवाद ज्ञापनका क्रममा कार्यक्रम सफल बनाउन सहयोग गर्ने प्रमुख अतिथि, विशिष्टअतिथि, वक्ता, सदस्य व्यवसायी, सञ्चारकर्मी तथा सम्पूर्ण सरोकारवालाप्रति आभार व्यक्त गर्दै आगामी दिनमा संघलाई अझ सशक्त, प्रभावकारी र सदस्यमैत्री संस्थाकारुपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गरे । १० औँ वार्षिक साधारणसभाले संघको विगतको कार्यसम्पादनको समीक्षा गर्दै भविष्यका लागि स्पष्ट नीति, कार्यक्रम र मार्गदर्शन तय गरेको छ । स्थानीय उद्योग, व्यापार तथा उद्यमशीलताको विकासमार्फत थाहानगरको समग्र आर्थिक उन्नतिमा संघले अझ प्रभावकारी भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरिएको छ ।

# मकवानपुरमा ७ जना महिला उम्मेदवार



साझाकुरा संवाददाता

हेटौंडा, २४ माघ/ मकवानपुरका दुईवटा निर्वाचन क्षेत्रबाट सातजना महिला उम्मेदवार चुनावीमैदानमा छन् । निर्वाचन आयोगका अनुसार मकवानपु निर्वाचन क्षेत्र नम्बर १ मा कूल २३ जना उम्मेदवार छन् । त्यसमध्ये पाँचजना महिला उम्मेदवार छन् ।

यो क्षेत्रमा नेकपा एमालेबाट रामेश्वर रानामगर, नेपाली काँग्रेसबाट महालक्ष्मी उपाध्याय (डीना), नेपाली कम्युनिष्ट पार्टीबाट बिजय गौतम, राष्ट्रिय स्वतन्त्र पाटीबाट प्रकाश गौतम, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट दीपकबहादुर सिंह उम्मेदवार रहेका छन् । जनता समाजवादी पार्टी नेपालबाट रुपक लामा, नेपाल मजदुर किसान पार्टीबाट रञ्जना सुवाल मागजु, प्रगतिशील लोकतान्त्रिक पार्टीबाट तेजप्रसाद उप्रेती, श्रमसंस्कृति पार्टीबाट विद्या श्रेष्ठ (महर्जन), उज्यालो नेपाल पार्टीबाट सुरेन्द्र लामा उम्मेदवार छन् ।

स्वतन्त्र उम्मेदवारमा अमर दंगाल, अमिक परियार, टीकाप्रसाद चौलागाई, प्रमिलाकुमारी खतिवडा, मठु पुलामीमगर, राकेश कुमार शर्मा, राजकुमार खड्का, राजाराम बोगटी, सुशिला सुवेदी र ज्ञानसागर लामा रहेका छन् । मकवानवुर १ मा कुल एक लाख ५८ हजार ४३५ मतदाता छन् । यसमध्ये पुरुष मतदाता ७९ हजार ६२१ र महिला मतदाता ७८ हजार ८१० जना छन् । मकवानपुर निर्वाचन २ मा कूल २१ जना उम्मेदवार छन् । त्यसमध्ये दुईजना महिला उम्मेदवार छन् । यो क्षेत्रमा नेकपा एमालेबाट महेशकुमार बर्तौला, नेपाली कांग्रेसबाट वुद्ध लामा, नेपाली कम्युनिष्ट पार्टीबाट लवशेर विष्ट, राष्ट्रिय स्वतन्त्र पार्टीबाट प्रशान्त उप्रेती, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट रामबहादुर थोकर उम्मेदवार छन् । प्रगतिशील लोकतान्त्रिक पार्टीबाट सन्तोष विष्ट, श्रमसंस्कृति पार्टीबाट युनेश लामासिंतान, उज्यालो नेपाल पार्टीबाट प्रवीनकुमार स्याङतान उम्मेदवार छन् । स्वतन्त्र उम्मेदवारमा प्रतिक्षा बानियाँ, रमेश आचार्य, सीतामाया बल छन् । मकवानपुर २ मा कूल एक लाख ५६ हजार ८९९ मतदाता छन् । त्यसमध्ये ८२ हजार ३३२ जना पुरुष मतदाता छन् भने महिला मतदाता ७४ हजार ५६६ जना रहेका छन् ।

# ८० करोड आठ लाख राजश्व संकलन



साझाकुरा संवाददाता

हेटौंडा, २४ माघ/ हेटौंडास्थित आन्तरिक राजस्व कार्यालयले गत महिना ८० करोड आठ लाख ९९ हजार रुपैयाँ राजस्व संकलन गरेको छ ।

कार्यालयले चालु आर्थिक वर्ष २०८२/८३ को ६ महिनामा तीन अर्ब २७ करोड ९२ लाख ३२ हजार राजस्व संकलन गरेको हो । यो अघिल्लो आवको सोही अवधिको तुलनामा आठ करोड ८६ लाख रुपैयाँले बढी हो । यस अवधिमा अन्तःशुल्कतर्फ एक अर्ब ८८ कारेड ६४ लाख ८७ हजार, आयकरतर्फ ५९ करोड ३२ लाख ७१ हजार, मूल्यअभिवृद्धि करतर्फ ४६ करोड ७१ लाख, स्वास्थ्य जोखिम करतर्फ २७ करोड ७३ लाख, ब्याजकरतर्फ तीन करोड ६९ लाख ४७ हजार र बहालकरतर्फ ८१ लाख रुपैयँ राजस्व संकलन गरेको कार्यालयले जनाएको छ ।

गत आर्थिक वर्षको सोही अवधिमा तीन अर्ब १९ करोड संकलन भएको थियो । कार्यालयमा आयकरतर्फ ३३ हजार ५९६, मूल्य अभिवृद्धितर्फ पाँच हजार ८४९, अन्तःशुल्कतर्फ एक हजार ५९८, विथहोल्डतर्फ ७११ र व्यक्तिगत तर्फका ८१ हजार ८१२ करदाता सूचीकृत छन् । करदाखिला गर्न आनाकानी गर्ने करदाताको घरमा पुग्ने, टेलिफोन र एसएमएसमार्फत ताकेता गर्ने, कर छुटसम्बन्धी सुविधाबारे प्रचारप्रसार गर्नेलगायत अभियान सञ्चालन गरी १० करोड बक्यौता असुली भएको कार्यालय प्रमुख युक्तप्रसाद सुवेदीले बताए ।

# गाँजाखेतीलाई बैधानिकताः सन्तोषको प्रमुख चुनावी एजेण्डा

साझाकुरा संवाददाता

हेटौंडा, २४ माघ/ प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा)बाट मकवानपुर-२ मा उम्मेदवार बनेका सन्तोष विष्टले गाँजाखेतीलाई प्रमुख चुनावी एजेन्डा बनाएका छन् ।



चुनावी प्रचारप्रसारको क्रममा क्षेत्र नं. २ का मतदातासमक्ष विष्टले चुनावी एजेन्डा प्रस्तुत गरेका हुन् । मकवानपुर-२ मा किसानका मुख्य समस्या गाँजाखेती रहेकाले कानुनी दायरामा ल्याएर खुला गर्नुपर्ने उनले बताए । 'यहाँ हाम्रो किसानले गाँजाखेती गर्नुहुन्छ । गाँजा औषधीय गुणको रुपमा प्रयोग गरिन्छ भनेर वैज्ञानिकरुपमा पुष्टि भएको छ । तर, यहाँ प्रतिबन्धित लागुऔषधको रुपमा जनतालाई दुःख दिने काम भइरहेको छ', उनले भने, 'राज्यद्वारा यहाँ लगभग हरेक हप्ता एक न एक जनालाई समातेर जेलमा लाने गरेको छ । सबैले ओठे प्रतिबद्धता जाहेर गरिरहेका छन् । तर, मैले व्यक्तिगतरुपमा गाँजाखेतीलाई कानुनको दायरामा ल्याएर यसलाई खुल्ला गर्नुपर्छ भनेका छौं । अहिले जतिपनि गाँजा बोकेकै अभियोगमा कारागारमा हुनुहुन्छ, उहाँहरुलाई उच्चसम्मानका साथ रिहा गर्नुपर्छ भनेर मैले आवाज उठाएको छु ।'

उनले आफू निर्वाचित भएमा यस एजेन्डालाई संसदमा पेश गर्ने प्रतिबद्धता जनाए । यदि कथमकदाचित निर्वाचित नभएको खण्डमा पनि आजीवन यो एजेन्डालाई नछाड्ने विष्टले स्पष्ट पारे । उनले पार्टी र आफूलेले अगाडि सारेको दुईवटा एजेण्डा प्रस्तुत गरेका थिए । पहिलो एजेन्डा पार्टी प्रगतिशील लोकतान्त्रिक पार्टीको एजेन्डा नै मेरो पहिलो एजेन्डा हो । दोस्रो एजेन्डा म उम्मेदवार भएको कारणले यो ठाउँ, मकवानपुर क्षेत्र नम्बर २ का जनताको एजेन्डा नै मेरो एजेन्डा हो ।

पहिलो एजेन्डाको रुपमा पार्टीले अगाडि सारेको, अहिले देश जसरी कङ्गाल बनेको छ, जसरी भद्रगोलमा गएको छ, देश यो स्थितिमा पुग्नुमा मुख्य गरी कुशासन र भ्रष्टाचार हो भनेर हाम्रो पार्टीले ठहर गरेको छ । 'भ्रष्टाचार र कुशासनको एउटै लक्ष्य अन्त्य, प्रगतिशील लोकतान्त्रिक पार्टीको लक्ष्य' भनेर हामीले नारा नै तय गरेका छौं । हामी सुशासन चाहन्छौं । हाम्रो पार्टीले मुख्यरुपमा सुशासनलाई मुख्य जोड दिएको छ । सुशासन कायम भयो भने मात्रै यो देश अगाडि बढ्न सक्छ, जनताको समृद्धि हुन सक्छ । आमजनताले अपेक्षा अनुसारको शासन व्यवस्था हुन्छ भन्ने हाम्रो निष्कर्ष छ ।

अहिले जसरी ५ वर्षको बीचमा पटकपटक सरकार परिवर्तन हुने देखिएको छ, यसको मुख्य जड भनेको शासकीय स्वरुप हो भनेर हाम्रो पार्टीको निष्कर्ष छ । त्यसको लागि प्रत्यक्ष जनताद्वारा निर्वाचित कार्यकारी प्रमुखको व्यवस्था हुनुपर्छ । पार्टीको त्यो एजेन्डा मेरो एजेन्डा हो ।

यसैगरी मकवानपुर २ मा म उम्मेदवार बन्दै गर्दा यहाँ यावत् समस्या छन् । अल्पसंख्यक चेपाङदेखि लिएर यहाँ बहुसंख्यक जनजाति तामाङ समुदाय यहाँ बसोबास गर्नुहुन्छ । यो क्षेत्रमा ६२ वटा वडा छ । यहाँ मुख्य समस्या हाम्रो किसानले गाँजाखेती गर्नुहुन्छ ।

गाँजा औषधीय गुणको रुपमा प्रयोग गरिन्छ भनेर वैज्ञानिकले पुष्टि गरेका छन् तर, यहाँ प्रतिबन्धित लागुऔषधको रुपमा जनतालाई दुःख दिने काम भइरहेको छ । सबैले ओठे प्रतिबद्धता जाहेर गरिरहेका छन् । तर, हामीले र मैले व्यक्तिगतरुपमा गाँजाखेतीलाई कानुनको दायरामा लिएर आएर यसलाई खुल्ला गर्नुपर्छ । भदौ २३ र २४ गते पछिको घटनापछि हुन गइरहेको यो निर्वाचनलाई हामीले एकदमै सचेतताका साथ प्रयोग गर्नुपर्छ । यसक्षेत्रका लगभग एक लाख ५६ हजार ९०० मतदाता हुनुहुन्छ ।

तपाईहरु सबै यो निर्वाचनमा सहभागी भइदिनुस्, उनले आग्रह गरेका छन् । आफ्नो मतको उच्चतमरुपमा प्रयोग गरिदिन मतदातालाई आग्रह गरेका छन् । 'तपाईहरुले अब सुशासन चाहने दललाई छान्नुपर्छ, सुशासन कायम गर्न सक्ने दलको प्रतिनिधिलाई छान्नुपर्छ । परम्परागत दल, परम्परागत नेता, परम्परागत नीति बोकेकालाई तपाईंहरुले अब पाखा लगाइदिनुपर्छ' उनले भने । 'म जस्तो नयाँ विचार, नयाँ एजेन्डा र नयाँ विषयका साथ तपाईंहरुसमक्ष आइरहेकालाई मतदान गरिदिनुहुन्छ भनेर म आग्रह पनि गर्छु' उनले मतदातालाई भनेका छन् ।




**काठमाडौं टप टेलर्स**
*अब टीसीएन रोडमा...*

विगत लामो समयदेखि मेनरोड बुद्धचोकमा रहेर तपाईंको सेवामा समर्पित **काठमाडौं टप टेलर्स** अब हेटौंडा-१० सीमा चोकबाट टीसीएन रोडतर्फ दुईसय मिटर पश्चिम दायाँतर्फ बर्जर पेन्टको डिलरसंगै सरेको जानकारी गराउँदछौं ।

प्रो. विष्णुलाल महर्जन
९८४५०२२६५५

साझाकुरा

## हाम्रो कुरा

# बैकल्पिक मार्गको विशेष अध्ययन

पछिल्ला वर्षमा डोजरे विकासका कारण सडकमा ठूलो क्षति हुँदै गयो । ग्रामीण क्षेत्रमा डोजर अपरेटरले नै ईन्जिनियरको काम गर्न बाध्य भए । प्राबिधिक रुपमा त्यो ठाउँमा सडक बनाउन उपयुक्त छ वा छैन भनेर अध्ययन हुनै सकेन । डोजरी विकासले जनतालाई पनि आकर्षित गरेकै हो । कालान्तरमा त्यही विकासले बिनाश निम्त्याउँदै गएपछि बल्ल सरोकारवालको ध्यान तानिएको छ । सडकहरुमा बर्सेनि देखिने पहिरो र भू-क्षयका कारण यात्रु बारम्बार अलपत्र पर्नुका साथै ज्यानै गुमाउनुपर्ने बाध्यता भएपछि यो समस्याको समाधान अर्थात् न्यूनीकरणका लागि बागमती प्रदेश सरकारले वैज्ञानिक र दिगो उपायको खोजी थालेको छ । यसका लागि प्रदेश सरकारले देशकै अग्रणी इन्जिनियरिङ अध्ययन संस्था इन्जिनियरिङ अध्ययन संस्थान, सेन्टर फर डिजास्टर स्टडिज पुल्चोकसँग मिलेर काम थालेको छ । जसअन्तर्गत हेटौंडा-काठमाडौं जोड्ने छोटो दूरीको मार्गलाई पहिलो प्राथमिकतामा राखेर अध्ययन सुरु गरिएको हो । बागमती प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री डा. दिनेशचन्द्र देवकोटाका अनुसार चालु आर्थिक वर्षभित्रै हेटौंडा-कुलेखानी-सिस्नेरी-काठमाडौं सडक खण्डको विस्तृत अध्ययन गरिनेछ ।

यो सडक खण्डमा पहिरोको उच्चजोखिम रहेका भैंसे र देउराली सडक खण्ड छनोट गरी वैज्ञानिक अध्ययन अघि बढाइएको मन्त्री डा. देवकोटाले जानकारी दिए । स्थानीय भूगोल र भूगर्भलाई सुहाउँदो प्रविधिको प्रयोग गर्नुपर्छ भन्ने मन्त्री डा. देवकोटाको धारणालाई मन्त्रालयले अघि बढाउन थालेको छ । यसमा जैव-इन्जिनियरिङ, पारिस्थितिक प्रणालीमा आधारित समाधान र वर्षाको पानी व्यवस्थापनजस्ता प्राकृतिक उपायहरु अपनाइनेछ । यो अध्ययन कार्यमा विभिन्न विधाका विषय विज्ञहरुका साथै सिभिल इन्जिनियरिङमा स्नातकोत्तर गरिरहेका ४ जना विद्यार्थीलाई 'ग्राजुएट स्टुडेन्ट फेलोसिप' अन्तर्गत सहभागी गराइने छ । अध्ययन क्षेत्रमा मन्त्रालयले साइनबोर्ड राखिसकेको छ । भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव ईश्वरचन्द्र मरहट्टाले सडक मर्मत र संरक्षणका लागि स्पष्ट निर्देशिका अत्यावश्यक रहेको जानकारी दिएका छन् । बाढी-पहिरोजस्ता जोखिम न्यूनीकरण, दिगो पूर्वाधार विकास र समुदायको जीविकोपार्जनलाई एकसाथ सम्बोधन गर्न प्रकृतिमा आधारित समाधानसम्बन्धी निर्देशिकाले ठूलो मद्दत गर्नेछ । यो निर्देशिका तयार भएपछि प्रदेशमा निर्माणाधीन र भविष्यमा बन्ने सबै सडकको मर्मत-सम्भार तथा व्यवस्थापनमा यसलाई अनिवार्यरुपमा लागू गरिनेछ । नेपालका केही सडकमा परीक्षणकारुपमा नेपाल सरकारले यस अघि पनि बिभिन्न काम गर्दै आएको थियो । पृथ्वी राजमार्गको कृष्णभीर, पूर्वपश्चिम राजमार्गको दाउन्नेमा यसखाले अध्ययन गरिएको थियो । पछिल्ला वर्षहरुमा प्रबिधिको प्रयोगले सहज पनि बनाएको बताइएको छ । हेटौंडा-पथलैया खण्डको चुरे क्षेत्रमा जापानीज प्रबिधिको प्रयोग गरी घाँसका बिरुवा रोपेपछि चुरेको पहिरो रोकथाम भएको थियो । जलवायु परिवर्तन र प्राकृतिक विपद्को जोखिम बढिरहेको सन्दर्भमा यो अध्ययन कोसेढुंगा सावित हुने अपेक्षा गरिएको छ ।

यातायात पूर्वाधार निर्देशनालय हेटौंडाले सडक पूर्वाधारलाई सुरक्षित बनाउन बागमती प्रदेश सरकारले देशकै अग्रणी संस्था इन्जिनियरिङ अध्ययन संस्थान, विपद् अध्ययन केन्द्र, पुल्चोकसँग प्राविधिक सहकार्य सुरु गरेको जानकारी दिएको छ । प्रदेशका विभिन्न जिल्लामा भिरालो जमिनको अस्थिरताका कारण पहिरो जाने, जमिन भासिने र माटो कटान हुने समस्या विकराल बनेपछि दिगो पूर्वाधार निर्माणका लागि 'कम खर्चिलो र वातावरणमैत्री' उपाय खोज्न यो कदम चालिएको हो । यो सहकार्यको मुख्य उद्देश्य विज्ञको अनुभव र सिकाइका आधारमा बागमती प्रदेशको भूगोल-अनुकूल 'प्रकृतिमा आधारित समाधान'को निर्देशिका तयार गर्नु हो । यसका लागि निर्देशनालय र इन्जिनियरिङ अध्ययन संस्थानबीच समझदारीपत्रमा हस्ताक्षर भइसकेको छ । यो अध्ययनबाट प्राप्त मार्गदर्शनले प्रदेशको पूर्वाधार विकासमा दीर्घकालीन र सकारात्मक प्रभाव पार्ने विश्वास मन्त्रालयले लिएको छ । सडक यात्रालाई सुरक्षित र भरपर्दो बनाउनका लागि प्रदेश सरकारले निर्माणकै चरणमा पनि सुधार गर्ने जनाएको छ । नेपाल जस्तो भूपरिबेष्ठित मुलुकमा सडक यातायात नै सबैभन्दा सहज र उपयोगी मानिन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ माघ २६ गते सोमबार ९ फेब्रुअरी २०२६ । अष्टमी, फागुन कृष्णपक्ष । सिल्लागा ११४६ ने.सं. । सूर्योदय ६:४८ सूर्यास्त ५:४९ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक लाभ | तुला | : धर्मबाट सन्तोष |
| वृष | : विदेशबाट लाभ | वृश्चिक | : कार्यमा अवरोध |
| मिथुन | : आफन्तमा विवाद | धनु | : स्वजनबाट विरोध |
| कर्कट | : स्थानान्तरणको योग | मकर | : शैक्षिककार्यमा बाधा |
| सिंह | : सन्तान पक्षबाट नैराश्यता | कुम्भ | : सन्तान पक्षबाट सन्तोष |
| कन्या | : पराक्रम वृद्धि | मीन | : आफन्तमा विवाद |

# लोकप्रियतावादमा रमाएका भाइरल उम्मेदवार



✍सूर्य थापा

दोस्रो विश्वयुद्धपछि झन्डै चार दशक विश्व राजनीति दुई ध्रुवमा बाँडियो । यस अवधिमा पूँजीवादी अमेरिका र सोभियत युनियन बीच चर्को सैद्धान्तिक प्रतिस्पर्धा चलेको थियो । तर, १९८० को उत्तरार्ध आइपुग्दा–नपुग्दै धेरै देशले समाजवाद छाडेर आर्थिक उदारीकरणको छालमा डुबुल्की मारिसकेका थिए । ती देशको अर्थतन्त्रमा सरकारले अत्यधिक हस्तक्षेप गर्दा कुशासन, भ्रष्टाचार र नातावाद चरम मौलाएको थियो । राज्य नियन्त्रित अर्थतन्त्रले जीवनस्तर उकास्न नसकेपछि विकल्प खोजी हुनु स्वाभाविक थियो ।

नयाँ वैश्विक अर्थतन्त्रको प्रमुख नेतृत्वकर्ता अमेरिकाले नव–उदारवादको बाटो पछ्याएकाहरूलाई अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंक जस्ता वित्तीय संस्थानबाट अनुदान, ऋण र पूर्वाधार निर्माणमा सहयोग जुटाइदिन ठूलो भूमिका खेल्यो । केही अमेरिकी समाजवादीहरूलाई यतिबेला नै लागेको थियो- समाजवाद असफल भएका देशहरूले अनियन्त्रित पूँजीवाद रोजेर फेरि समय खेर फाल्नुहुँदैन । बरु, विगतका गल्ती सच्याएर अघि बढ्नु नै राम्रो हुन्छ । उदारीकरणको बाटो र विदेशी लगानीले विकासशील देशहरूलाई थप अस्थिरतातर्फ धकेल्ने उनीहरूको मत थियो ।

आर्थिक इतिहासकार तथा अमेरिकी समाजशास्त्री इम्मानुयल माउरिस वालर्स्टेनले यस्तै मत राखेका थिए । नभन्दै, सन् २००८ मा विश्वव्यापी आर्थिक संकट शुरु भएपछि पूँजीवादको प्रणालीगत संकट उजागर भयो । यतिबेला विकसित देशहरूमै धनीहरू झन्-झन् धनी भइरहेका थिए भने गरिबहरूलाई दैनिक खर्च धान्ने जोहो गर्न पनि मुस्किल थियो । तथ्यांकहरूले देखाए अनुसार विश्वको १० प्रतिशतभन्दा कम जनसंख्यासँग ९० प्रतिशतभन्दा धेरै पूँजी र संसाधन थुप्रिएको थियो । पूँजीवादले आफैंलाई पुनः उत्पादन गर्न नसक्ने वालर्स्टेनको दाबी रह्यो । यही संकटलाई देखेपछि स्लोभाकियाका नव-मार्क्सवादी विश्लेषक स्लाभोज जिजेकले ठोकुवा गरे- 'उदार पूँजीवादसँग अब कुनै समाधान नै बाँकी छैन ।' आज हामी एकुवीय विश्वबाट बहुवीय विश्वमा रूपान्तरण भइरहेका छौं र विश्वमा धेरै शक्तिकेन्द्रहरू निर्माण भइरहेका छन् ।

विगतमा संसारले समाजवाद र नव-उदारवाद दुवै देख्यो र भोग्यो । शायद, ठूलो सैद्धान्तिक बहस बाँकी नरहेको दिशाहीन र गन्तव्यहीन अवस्थामा 'लोकप्रियतावादी राजनीति' तीव्र फस्टाउँदै गयो । ठ्याक्कै कहिलेबाट यो राजनीतिले प्रश्रय पायो भन्ने स्पष्ट नभए पनि यसका लक्षण स्पष्ट छन्- मीठो नारा, असम्भव वाचा, विपक्षीको चर्को निन्दा र आफू मात्रै असली राष्ट्रवादी रहेको अडान । यसको शक्तिशाली प्रयोग २०१६ को अमेरिकी निर्वाचनमा डोनाल्ड ट्रम्पलाई जिताएर भयो । उनले त्यतिबेला मेक्सिकोको सिमानामा पर्खाल लगाएरै अवैध आप्रवासनलाई अन्त्य गर्ने दाबी गरेका थिए । जो सुन्न र बोल्न सजिलो थियो तर व्यावहारिक कार्यान्वयन असम्भवप्राय: थियो ।

लोकप्रियतावादमा नेतासँग कुनै ठोस योजना हुँदैन । भीड रिझाउने गरी भाषण वा अभिनय गर्नसक्नु उनीहरूको एकमात्रै विशिष्ट कला हो । यस्ता लोकप्रियतावादी नेताहरू मौका पर्दा आफैंले बोलेका कुरा आफैं बिर्सिएको नाटक गर्न पछि पर्दैनन् । यो लोकप्रियतावादको विश्वव्यापी चरित्र हो । यस 'दोषी चश्मा' ले आफूलाई मात्रै ठिक र अन्य सबैलाई गलत देख्छ ।

हंगेरीमा भिक्टोर अर्बन, इटलीमा जर्जिया मेलोनी, इजरायलमा बेन्जामिन नेतान्याहू र छिमेकी भारतमा नरेन्द्र मोदी लोकप्रियतावादी छविकै आडमा टिकेका छन् । बेरोजगारी, महँगी, स्वास्थ्य, शिक्षा जस्ता जनताका आधारभूत समस्याभन्दा पनि भावनात्मक मुद्दाहरू उचालेर उनीहरू सत्तामा टिकिरहन्छन् । छालाको रंग, धर्म, जाति, पहिचान आदि विषयलाई उनीहरूले आफ्नो राजनीतिक हतियार बनाउने गरेका छन् ।

विश्व राजनीतिमा देखिएको यो 'लोकप्रियतावादी' रुझानबाट नेपाल न हिजो अलग थियो, न आज हुन सक्छ । नेपालमा परम्परागत राजनीतिक शक्तिहरूमाथि जनताको चरम वितृष्णा देखिएको छ । यो वितृष्णा २३ भदौ र २४ भदौमा संसद् भवन तथा देशका प्रमुख सरकारी निकायअगाडि पोखिंदा ७२ जना शहीद भए । रगतको त्यो होली बिर्सन नपाउँदै देशले १८ र १९ फागुनमा क्रमश: पहाड र मधेशमा होली खेल्नेछ । जनताले आगामी ५ वर्षका लागि कसलाई सिन्दुर लगाइदिने भन्ने फैसला २१ फागुनमा गर्नेछन् ।

चुनाव नजिकिएसँगै उम्मेदवारहरूको चटारो बढ्दो छ । नयाँ–पुराना दुवै पार्टीले जनतामाझ लोकप्रिय रहेका उम्मेदवारहरूलाई टिकट वितरण गरिएको दाबी गरेका छन् । तर, ती उम्मेदवारहरूको चुनावी प्रचार हेर्दा उनीहरू जनताका प्रतिनिधि होइन, सामाजिक सञ्जालको भित्तामा भाइरल भएका सेलिब्रेटी जस्तो देखिन्छन् । सधैं सामाजिक सञ्जाल वा टिभीमा देखिएका अनुहारलाई प्रत्यक्ष देख्न पाउँदा जनतामा कौतूहल अवश्य छ । तर, त्यो कौतूहल मतमा प्रकट हुने ग्यारेन्टी भने छैन । यदि मतपत्रमा प्रकट भइहाल्यो भने ती उम्मेदवारले त्यस क्षेत्रका जनताको आवाज सही ढंगले संसद्मा उठाउन सक्छन् ? पेचिलो प्रश्न यहाँनेर छ ।

प्राय: कुनै पनि पार्टीले घोषणापत्र सार्वजनिक गरिसकेका छैनन् । उम्मेदवारसँग पनि कुनै व्यक्तिगत योजना भए जस्तो देखिँदैन । कोही उखु बोकेर हिंडेका देखिन्छन् । कोही गोरु जोत्दैछन् । कोही रियालिटी शो चलाए जसरी 'फलानो र ढिस्कानो व्यक्तिलाई चुनाव क्षेत्रमा निर्वाचनपछि उपस्थित गराउँछु' भन्दैछन् । जनताका समस्या बुझ्ने र सुन्नेभन्दा पनि उनीहरूलाई रमाइलो गराउने र भिडियो हालेर सामाजिक सञ्जालमा भ्युज बटुल्ने कार्यमै उम्मेदवारको ध्यान केन्द्रित भए जस्तो देखिन्छ ।

पार्टीहरूले भाइरल हुनु नै योग्य हुनु हो भन्ने सोचबाट निर्देशित भएर उम्मेदवारलाई टिकट दिएका त होइनन् ? अहिले उम्मेदवारको चटकले यी विषय सोच्न बाध्य बनाएको छ । लोकतन्त्रमा उम्मेदवारहरू जनतासमक्ष पुग्ने आफ्ना प्रतिबद्धता पत्र बोकेर हो । त्यस प्रतिबद्धतालाई कसरी कार्यान्वयन गर्न सकिन्छ भन्ने विषयमा जनतालाई आश्वस्त बनाउनु नै उनीहरूको जितको आधार हो । तर, विना घोषणापत्र जनताको घरदैलोमा पुगेका उम्मेदवारले चटक बाहेक अरू केही देखाएका पनि छैनन् । उनीहरू बाटो बनाउने, पुल बनाउने र व्यक्तिगत समस्या समाधान गरिदिने जस्ता आश्वासन बाँडिरहेका छन् ।

घरदैलोमा आएका उम्मेदवारसँग राज्यको नीति–नियम बनाउन आवश्यक पर्ने धैर्य, अध्ययन, कूटनीतिक बुझाइ र नीतिगत स्पष्टता छ या छैन भनेर जनताले बुझ्नुपर्ने समय आएको छ । किनकि, संसद्को काम नै नीति–नियम र ऐन–कानून बनाउने हो । तसर्थ, हामीले प्रतिनिधि छान्दा विकास–निर्माण वा व्यक्तिगत स्वार्थभन्दा पनि समग्र देशको हितलाई केन्द्रमा राख्न जरूरी हुन्छ ।

**संसद् कि "सर्कस" ?**

लोकप्रियतावादको सबैभन्दा ठूलो अस्त्र नै 'भ्रम' हो । उनीहरू जटिल समस्याको सरल (तर गलत) समाधान पेश गर्छन् । 'म आएपछि जादु हुन्छ' भन्ने शैलीमा कुरा गर्छन् । जबकि, देश विकास कुनै एक व्यक्तिले होइन, समग्र समाजले निर्धारण गर्ने प्रक्रिया हो । प्रश्न यो पनि छ– अहिले चुनावी मैदानमा विभिन्न चर्तिकला देखाएकाहरू संसद्मा पुगे भने त्यहाँको दृश्य कस्तो होला ? नीति निर्माणको सर्वोच्च थलो 'संसद्' कतै 'सर्कस' मा परिणत हुने त होइन ?

संसद्मा गम्भीर बहसको साटो युट्युबमा भ्युज बढाउने शैलीका भाषणहरू मात्र गुञ्जिन थाले भने देशको नीतिनिर्माण तह निष्प्रभावी हुनेछ । विदेशी शक्तिराष्ट्रहरूले खेल्ने भू-राजनीतिक दाउपेच, अर्थतन्त्रको जटिल सिद्धान्त र संघीयता कार्यान्वयनका कानूनी जटिलताहरूलाई 'स्टन्टबाजी' ले समाधान गर्न सक्दैन । संसद्मा ताली खाने होइन, देशको भविष्य कोर्ने निर्णय लिनुपर्ने हुन्छ । आवेग र उत्तेजनाले सडक तताउन सकिएला, तर देश चलाउन सकिँदैन । पुराना दलहरूको नालायकीका कारण जनतामा आक्रोश छ, यो स्वाभाविक हो । तर, त्यो आक्रोशको फाइदा उठाउँदै कुनै योजना र भिजन नभएका व्यक्तिहरू सत्तामा पुग्नु भनेको 'आगोबाट उम्केर भुङ्ग्रोमा पर्नु' जस्तै हो । जनता सचेत नभएसम्म नेता यस्तै भाइरल मात्र हुने र देश सधैं प्रयोगशाला मात्र बन्ने खतरा रहन्छ ।

अन्त्यमा, चुनाव आफैंमा निरन्तर सुधारको प्रक्रिया हो । विगतको संसद्ले गरेका राम्रा कामहरूलाई प्रभावकारी ढंगले अघि बढाउने र गलत कामलाई सच्याउने अभिभारा नव निर्वाचितहरूको हुन्छ । यो शासक चुन्ने प्रक्रिया मात्रै होइन । ५ वर्षका लागि हाम्रो सुरक्षित भविष्य, करको सदुपयोग र सामाजिक विकास सुनिश्चित गर्ने प्रक्रिया पनि हो । हरेक निर्वाचनले हामीलाई केही खराबमध्येबाट कम खराब छान्ने अवसर दिन्छ । तर, जेनजी आन्दोलनपछिको यो निर्वाचन साँच्चै अनौठो छ । यहाँ पुराना दलहरू सुनि तयार छैनन् र नयाँ भनिएकाहरूमा 'लोकप्रियतावाद' को नशा चढेको छ । यस्तो अवस्थामा गम्भीर र सचेत नागरिक समाजको भूमिका अहम् हुन्छ । भाइरल उम्मेदवार देखेर दंग पर्ने होइन, उनीहरूलाई मतदाताले प्रश्न सोध्न जरूरी छ, 'तपाईंसँग शिक्षा, स्वास्थ्य र परराष्ट्र नीतिमा के सुधार गर्नुहुन्छ ? संसद्मा गएर तपाई कुन कानून परिमार्जन गर्न चाहनुहुन्छ ?' किनकि, प्रश्न नै लोकतन्त्रको प्राणवायु हो ।

यदि हामीले अनुहार, जात वा भाइरल क्लिपको आधारमा मात्र भोट हाल्यौं भने, अर्को ५ वर्ष पनि पछुताउनुपर्नेछ । विश्वव्यापी रूपमा असफल सिद्ध भइसकेको 'अन्ध-लोकप्रियतावाद' को बाटोमा नेपाल नजाओस् । सैद्धान्तिक बहसभन्दा माथि उठेर अब 'सुझबुझपूर्ण यथार्थवाद' अवलम्बन गर्नुपर्ने आवश्यकता छ । समाजमा भिजेको र समस्याहरूलाई नजिकबाट चिनेको उम्मेदवारलाई प्रतिनिधि बनाएर पठाउन सक्दा निर्वाचन क्षेत्रका समस्याहरू संसद्मा उजागर हुन सक्लान् । देशको समग्र चित्रसँग जोडेर त्यसलाई सम्बोधन गर्नसक्ने नीति बन्न सक्ला । अन्यथा, स्टन्टबाजहरूको हातमा देशको साँचो पुग्दा हुने दुर्घटनाको जिम्मेवार हामी मतदाता नै हुनेछौं ।

*(स्रोत: अनलाइनखबर)*

# प्रतिष्ठाको लडाइँ भएका दुई निर्वाचन क्षेत्र

✍श्यामप्रसाद मैनाली

फागुन २१ गते देशभर आम निर्वाचन हुँदै छ । यसअघिका निर्वाचनमा प्राय: नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्र गरी तीन दलको प्रतिस्पर्धा हुने गरेको थियो । तर यस वर्ष राष्ट्रिय स्वतन्त्र पार्टी खरो प्रतिस्पर्धामा उत्रिएको छ । देशभर चुनावी सरगर्मी बढिराखेको छ । के कस्ता नारा दिएर जनताको मन जित्न सकिन्छ ? त्यसैमा दलहरू लागिपरेका छन् । सबै दलको साझा नारा सुशासन भएको छ । सुशासनका दिशामा निर्वाचनपश्चात् अघि बढ्लान् भन्ने विश्वास गरिहाल्न सक्ने अवस्था कुनै पनि राजनीतिक दलले दिन सकेका छैनन् ।

गतवर्षका आम निर्वाचनहरूभन्दा यो निर्वाचन विविध कारणले भिन्न देखिएको छ । पहिलो हो, २०८४ मा हुनुपर्ने निर्वाचन २०८२ मा नै हुन पुगेको छ । नयाँ पुस्ताहरूको असन्तुष्टि व्यापकरुपमा राजनीतिक दलहरुप्रति देखिँदा यसको परिणामस्वरूप होनहार युवाहरुले आफूलाई बलिवेदीमा चढाएर निर्वाचनलमा जाने परिस्थिति निर्माण भएको हो । ताजा जनादेशबाट जनताको चाहनाको परीक्षण यस निर्वाचनले गर्न खोजेको छ । दोस्रो हो, नयाँ पुस्ताको चाहना अनुरुप युवानेतृत्व सबै दलमा र सरकारमा देख्न चाहेको अवस्था छ । त्यसैले प्रतिस्पर्धामा उत्रिएका नयाँ र पुराना अनुहारहरूको समिश्रणलाई मतदाताले कसरी स्वीकार वा अस्वीकार गर्ने हुन् ? त्यसको परीक्षण यस निर्वाचनले गर्नेछ । तेस्रो हो, देशमा कुशासन व्याप्त छ । भ्रष्टाचारले संस्थागत स्वरूप ग्रहण गरेको छ ।

यो अवस्थाबाट मुक्ति दिलाउन सक्ने राजनीतिक दल कुन हुन सक्छ ? मतदाताले त्यस्ता दलहरूको खोजी गरिरहेको अवस्था छ । पुराना दलहरूकै राम्रा प्रतिस्पर्धीहरूलाई मतदान गर्ने हो वा सबै नयाँ अनुहारहरुलाई विश्वास गर्ने हो ? मतदाताहरूका लागि यो अवसर बनेको छ । चौथो हो, राजनीति सधैँ सरल रेखामा हिँड्दैन । जुन शक्तिले भाद्र २३ गते आन्दोलन गऱ्यो, त्यही शक्तिले 'हाम्रो हातबाट आन्दोलन बाहिर गयो, घुसपेठ भयो, तसर्थ हाम्रो आन्दोलन यही समाप्त भयो' भनेर सोही दिन घोषणा गरेको थियो । तत्पश्चात् पनि २४ गते ठूलो धनजनको नोक्सानी भएको छ । यसले एउटा ठूलै पाठ नेपाली जनतालाई पढाएको छ । अबका दिनहरूमा यस प्रकारका अनिष्ट परिणामको सामना गर्नु नपर्ने प्रत्याभूति कसरी गराउन सकिन्छ ? यसको छिनोफानो गर्नुपर्ने दायित्व मतदातामा रहेको छ । आसन्न आम निर्वाचनले यसलाई अहं सवालको रुपमा हेर्ने निश्चित छ । विशेष गरी सचेत मतदाताको चासो यसतर्फ बढी भएको अनुभूति भइराखेको छ । पाँचौं हो, पुरातनवादी दलहरू र नयाँ ऊर्जाका साथ राजनीतिमा होमिएका शक्तिहरूको बीचको यो प्रतिस्पर्धा अत्यन्त कडा हुने देखिँदै छ । त्यसैले आ-आफ्ना दल र नेताहरूको अस्तित्वको लडाइँमा के-कस्ता खालका स्वाभाविक र अस्वस्थ गठबन्धन, चुनावी तालमेल, चुनावी रणनीतिहरु यो निर्वाचनले अवलम्बन गर्ने हो ? त्यो पनि धेरैको चासोको विषय बनेको छ । यही अवस्थामा देशका १६५ निर्वाचन क्षेत्रहरूको निर्वाचनका लागि प्रतिस्पर्धीहरु मैदानमा उत्रेको अवस्था छ । जनताका बीचमा अब्बल परीक्षण हुन सबै उम्मेदवारले प्रतिस्पर्धा गरिरहेका छन् ।

**प्रधानमन्त्रीका प्रतिस्पर्धीहरू:**

आसन्न निर्वाचनमा आ-आफ्ना दलहरुबाट देशको प्रधानमन्त्रीको रुपमा अघि सारिएका केही पात्रहरूको विश्लेषण गरौं । श्रम र संस्कृति पार्टीका हर्क साम्पाङ सुनसरीबाट प्रतिस्पर्धा गर्दै छन् । श्रम र आन्तरिक स्रोत-साधनबाटै राष्ट्रको निर्माण गर्न सक्ने प्रतिबद्धता सहित जनतासमक्ष प्रस्तुत भएका हर्कजी निष्कलंक पात्र हुन् । धरानमा मेयर पदमा कार्यरत रहँदा उनको सच्चरित्रतामा कुनै प्रश्न उठेन । उनका समर्थकहरु ठूलै संख्यामा देखिएका छन् । यस अर्थमा हर्कजी सम्भवत: सांसद पदमा निर्वाचित हुनेछन् । तत्पश्चात् देशको प्रधानमन्त्री बन्नका लागि धेरैवटा पक्षले निर्णायक भूमिका खेल्छन् । संसद्को बनावट हेरेपश्चात् उनी प्रधानमन्त्री पदमा आसीन हुने वा नहुने अनुमान गर्न सकिन्छ ।

सर्लाही ४ नम्बर निर्वाचन क्षेत्रमा अमरेश सिंह राष्ट्रिय स्वतन्त्र पार्टीबाट र नेपाली कांग्रेसका नवनिर्वाचित सभापति तथा प्रखर वक्ता गगन थापाजी प्रतिस्पर्धामा उत्रिएका छन् । दुवै उम्मेदवार आफू निर्वाचित हुनेमा विश्वस्त छन् । अमरेशजीले बालेनजी झापा ५ बाट र आफू सर्लाही ४ बाट निर्वाचनमा पराजित भएमा आत्मदाह गर्नेसम्मको उद्घोष गरिसकेका छन् । अमरेशजी २०७९ सालको निर्वाचनमा नेपाली कांग्रेसले टिकट नदिएपश्चात् स्वतन्त्र उम्मेदवारी दिई निर्वाचित भएका थिए । अहिले उनी नयाँ उदय भएको युवाहरूको आकर्षण देखिएको राष्ट्रिय स्वतन्त्र पार्टीको टिकटबाट निर्वाचनमा प्रतिस्पर्धा गर्दै छन् । स्वतन्त्र उम्मेदवारका रूपमा विजयश्री प्राप्त गरेका अमरेशलाई राष्ट्रिय स्वतन्त्र पार्टीको समर्थन रहँदा उनी जित्ने प्राय: निश्चित रहेको भनाइ उनका समर्थकहरूको रहेको छ । २०७९ सालमा नेपाली कांग्रेसका असन्तुष्ट मतदाताले अमरेशजीलाई मत दिएका थिए । यही मत उनको विजयका लागि सहज बनेको थियो, किनकि उनी लामो समयसम्म नेपाली कांग्रेसमै आबद्ध थिए । यतिखेर नेपाली कांग्रेससँगको आबद्धता टुटेको लामो समय भएको छ । नेपाली कांग्रेसप्रति प्रतिबद्ध तर कांग्रेस नेतृत्वसँग लामो समयदेखि असन्तुष्ट रहेका मतदाताले अमरेशजीलाई मत देलान् वा नदेलान् ? सन्देह गरिँदै छ ।

यस निर्वाचन क्षेत्रमा गगनजीका सम्भावनाका बारेमा विश्लेषण गरौं । उनी उत्साहित मनोविज्ञानका साथ सर्लाही प्रवेश गरेका छन् । लामो समयदेखि आफ्नो दलभित्रको नेतृत्व परिवर्तनको लडाइँमा उनलाई यतिखेर सफलता मिलेको छ । उनी देश बदल्ने नाराका साथ निर्वाचनमा होमिएका छन् । गगनजीलाई प्रधानमन्त्रीका रुपमा नेपाली कांग्रेसले अघि बढाउँदा उनको पक्षमा जनमत तयार पार्न सहज भएको छ । किनकि सर्लाही जिल्लाले नेपालको राजनीतिक इतिहासमा सम्भवत: प्रथमपटक प्रधानमन्त्रीको सम्भाव्य उम्मेदवार पाएको छ । यो सर्लाहीबासीहरूका लागि थप खुशीको विषय हो । सभापति नै आफ्नो निर्वाचन क्षेत्रमा प्रतिस्पर्धा गरिरहँदा नेपाली कांग्रेसका सबै कार्यकर्तालाई समेट्न सहज भएको छ । नेपाली कांग्रेसका कार्यकर्तालाई गगनजीको उपस्थितिले थप उत्साहित बनाएको छ । गगनजी प्रतिनिधि सभामा पुगेको अवस्थामा देशको प्रधानमन्त्री हुने प्राय: निश्चित छ । किनकि कमजोर र अस्थिर प्रतिनिधिसभा हुनेछ । कुनै पनि दलले बहुमत प्राप्त गर्न सक्ने छैनन् । मिलिजुली सरकार बन्ने निश्चित छ । मिलिजुली सरकारमा ठूला दलहरूका शीर्षहरू पालैपालो गरी प्रधानमन्त्री हुने स्थिति बन्छ । सर्लाही जिल्लाले देशको प्रधानमन्त्री पाउने भएकाले पनि त्यहाँका मतदाताले उत्साहका साथ गगनजीको पक्षमा मतदान गर्नेछन् । त्यस निर्वाचन क्षेत्रमा नेपाली कांग्रेसका प्रतिबद्ध मतदाताहरु करिब ६५ प्रतिशत भएको अनुमान गरिँदै छ । गगनजीलाई विजयश्री प्राप्त गर्न आफ्नै दलका प्रतिबद्ध मतहरूलाई एकत्रित गराउँदा पर्याप्त हुनेछ । नेपाली कांग्रेसका मतदाताहरू प्रधानमन्त्रीको उम्मेदवार पाउँदा एकताका साथ गगनजीको पक्षमा उभिने सम्भावना प्रबल छ । यस अवस्थामा गगनजी सर्लाहीबाट निर्वाचित हुनेछन् ।

झापा निर्वाचन क्षेत्र नम्बर ५ अहिले अत्यन्त बढी चर्चामा छ । युवाहरूको विशेष आकर्षणको केन्द्र बनेको राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन शाह भावी प्रधानमन्त्रीका रुपमा आफ्नो दलबाट उद्घोष गराई उक्त क्षेत्रबाट निर्वाचनमा प्रतिस्पर्धा गरिराखेका छन् । उनको पक्षमा युवाहरूको आकर्षण देखिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीका युवा मतदाताहरूमध्ये धेरै विदेशमा रहेका छन् । उनीहरुलाई मताधिकार दिएर यसै निर्वाचनमा सहभागी गराउन सक्दा नयाँ दलहरूको अवस्था सुदृड हुने थियो । त्यो हुन नसकेको कारण युवाहरूको मतदाता नामावलीमा नाम रहन्छ तर मतदान गर्ने व्यक्ति विदेशमा भएको अवस्था छ । विदेशमा रहेका युवाहरूले आफ्ना अभिभावकलाई नयाँ दलको पक्षमा मतदान गर्न सम्झाइ-बुझाइ गर्दै छन् । देशभित्र भएका युवाहरूको पनि अधिकांशमा यही धारणा देखिन्छ । पुराना पुस्ताका मतदाताले नेपालको शासन, प्रशासन र राजनीति लामो समयदेखि अनुभव गरिरहेका छन् । राष्ट्र र राष्ट्रियताको बारेमा चिन्तन गर्न सक्ने अभिभावकहरू, सचेत नागरिकहरू मतदान कसलाई गर्ने ? सन्दर्भमा निर्णयमा पुग्न सकेका छैनन् ।

आजीवन पुराना दलहरूमध्ये सिद्धान्त र आस्थाका हिसाबले एक दलसँग आबद्ध भएकाहरूमध्ये केहीको मनस्थिति पनि दुविधात्मक देखिन्छ । आफ्ना सन्ततिहरू अधिकांश पुराना दलहरूको विकल्प दिने पक्षमा देखिँदै छन् । अभिभावकले आफ्ना परिवारका मतदातालाई आफ्नो निर्णयअनुसार मतदान गराउने वा आफ्ना सन्ततिको इच्छाअनुसार पुराना दलहरूको विकल्पमा उभिने हो ? कतिपय परिवारले निर्णय लिन सकेका छैनन् । यो समस्या र मनस्थिति देशभरकै मतदातामा रहेको छ । यसले केही हदसम्म राष्ट्रिय स्वतन्त्र पार्टीलाई सहज अवस्था बनाउनेछ । यसबाट झापा निर्वाचन क्षेत्र ५ पनि अछुतो रहन सक्दैन । तर ओलीजी लामो समयदेखि त्यस क्षेत्रका जनप्रतिनिधि हुन् । देशको स्रोत-साधन झापामा पर्याप्त पठाएका छन् । विकास निर्माण गरेका छन् । प्रत्येक घर-परिवारसँग व्यक्तिगत सम्बन्ध कायम गर्न सफल छन् । उनी सफल भएमा देशको प्रधानमन्त्री हुने प्राय: निश्चित छ । बालेनजी पनि निर्वाचित भएको खण्डमा प्रधानमन्त्री हुने सम्भावनामा रहेका व्यक्ति हुन् । त्यसैले यो क्षेत्रको निर्वाचन अत्यन्त रोमाञ्चक बनिरहेको छ । दुईमध्ये एक प्रधानमन्त्रीका उम्मेदवारलाई त्यस निर्वाचन क्षेत्रले बिदा गर्नेछ । त्यसैले पनि झापाको निर्वाचन क्षेत्र नम्बर ५ मा अत्यन्त ठूलो प्रतिस्पर्धा छ ।

क्रमशः पृष्ठ-३...

# निर्वाचन नजिकिँदै गर्दा न्यायाधीश नियुक्तिको प्रयास, आयोगले लगायो रोक




काठमाडौं/निर्वाचन नजिकिँदै गर्दा न्यायाधीश नियुक्ति गर्ने प्रधानन्यायाधीश र न्यायपरिषद्को प्रयासलाई निर्वाचन आयोगले रोक लगाइदिएको छ । प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतको निर्देशनमा न्यायपरिषद्ले 'न्यायाधीश नियुक्तिको जानकारी' भनी निर्वाचन आयोगमा पत्राचार गरेको थियो । निर्वाचन आचारसंहिता लागू भइसकेको भन्दै निर्वाचन आयोगले अहिलेको अवस्थामा न्यायाधीश नियुक्ति प्रक्रिया अघि बढाउन नमिल्ने भनी परिषद्मा जवाफ लेखेको हो ।

निर्वाचन प्रक्रिया शुरु भइसकेपछि न्यायपरिषद्ले नियुक्तिको प्रयास गरेको थाहा पाएपछि सर्वोच्च अदालतकै कतिपय न्यायाधीशहरूले त्यसको विरोध समेत गरेका छन् । उनीहरूले 'अब निर्वाचनबाट आउने ताजा जनादेश र त्यसबाट चयन हुने सरकारको कानुनमन्त्री सम्बद्ध न्यायपरिषद्ले नै नियुक्ति अघि बढाउनु उचित हुने' भन्दै अहिले हतारो नगर्न सुझाव दिएका थिए ।

न्यायपरिषद् स्रोतबाट संचारकर्मीलाई प्राप्त कागजात केलाउँदा जिल्ला न्यायाधीश नियुक्तिका लागि निर्वाचन आयोगले दिएको अनुमतिपछि न्यायपरिषद्ले सर्वोच्चदेखि जिल्लातहमा अर्को चरणको न्यायाधीश नियुक्तिको प्रयास गरेको देखिन्छ । लोकसेवाले नै लिएको परीक्षाबाट उत्तिर्णहरूलाई नियुक्ति गर्न अनुमति दिएको आयोगले त्यसपछि अरु प्रक्रियामा भने रोक लगाएको हो ।

न्यायपरिषद्ले शुरुमा १४ माघ, २०७२ मा निर्वाचन आयोगमा पत्र पठाएको थियो । पुसको अन्तिम साता २० जना जिल्ला न्यायाधीशहरू नियुक्त भएको र उनीहरूको पदस्थापना गर्नुपर्ने भन्दै परिषद्ले केही न्यायाधीशहरूको सरुवाका लागि निर्वाचन आयोगसँग अनुमति मागेको थियो । उक्त पत्रको जवाफमा निर्वाचन आयोगले जिल्ला न्यायाधीशहरूको सरुवाको अनुमति दिएको थियो भने अनुमति अनुसार सरुवाको निर्णय समेत भइसकेको छ । सर्वोच्च अदालत प्रशासन सम्बद्ध स्रोतका अनुसार, त्यसपछि एकाएक प्रधानन्यायाधीशले फुलकोर्टमा नै सर्वोच्चदेखि जिल्ला न्यायाधीशहरू नियुक्ति प्रक्रिया अघि बढाउने भनी न्यायाधीशहरूलाई सूचित गरेका थिए । 'त्यसलगत्तै केही न्यायाधीशज्यूहरूले यो उपयुक्त समय होइन, निर्वाचन अघि बढिसकेको सन्दर्भमा हतारो गर्नु हुँदैन भनेर प्रतिक्रिया दिनुभयो,' सर्वोच्च प्रशासनसम्बद्ध स्रोतले भन्यो, 'त्यसलगत्तै न्यायपरिषद्बाट निर्वाचन आयोगमा अर्को पत्र गएको देखियो ।'

दोस्रो पत्रमा न्यायपरिषद्का सचिव जितेन्द्रबाबु थपलियाले न्यायपरिषद् ऐन, २०७३ को दफा ४(१) उद्धृत गरेका छन्, जसमा सर्वोच्च अदालतका न्यायाधीश रिक्त हुनुभन्दा एक महिनाअघि अर्को न्यायाधीश सिफारिस गर्नुपर्ने व्यवस्था छ । त्यो पत्रमा उच्च अदालतको मुख्यन्यायाधीश र न्यायाधीश पनि नियुक्ति गर्नुपर्ने व्यवस्था रहेको भन्दै सर्वोच्चले निर्वाचन आयोगमा पत्र पठाएको हो । संचारकर्मीले प्राप्त गरेको पत्रमा भनिएको छ, 'उपयुक्त कानूनी व्यवस्था कार्यान्वयनका लागि न्यायपरिषद्बाट निकट भविष्यमा न्यायाधीश नियुक्ति सम्बन्धी काम कारबाही आवश्यकताको कारण अगाडि बढाउनुपर्ने हुँदा निर्वाचन आचारसंहिता, २०८२ को दफा ५ (च) प्रयोजनार्थ जानकारी गराइएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।'

न्यायपरिषद्को त्यो पत्र निर्वाचन आयोगबाट तहगत रुपमा अघि बढ्दै आचारसंहिता हेर्ने आयुक्त सगुनशम्सेर जबराकोमा पेश भएको थियो । उनले आचारसंहिता अनुसार न्यायाधीश नियुक्ति गर्न नमिल्ने निर्णय गरे । निर्वाचन आयोगबाट न्यायपरिषद्मा पठाइएको पत्रमा भनिएको छ, 'यस आयोगबाट ४ माघ, २०८२ देखि निर्वाचन आचारसंहिता, २०८२ लागू भइसकेको हुँदा तहाँ परिषद्बाट गर्ने भनिएको न्यायाधीश नियुक्ति ऐ. आचार संहिताको दफा ५(च) बमोजिम गर्न नमिल्ने बेहोरा निर्णयाअनुसार अनुरोध छ ।'

न्यायपरिषद् सम्बद्ध स्रोतले दुईवटा कारणले न्यायाधीश नियुक्तिको प्रक्रिया अघि बढाउन अनुमति नदिइएको बताउँछ । पहिलो, साढे तीन वर्षदेखि सर्वोच्च अदालतमा हुनुपर्ने जति अर्थात् २१ जना न्यायाधीशहरू नियुक्त नभएर पद रिक्त बनाइएको छ । चार न्यायाधीश रिक्त रहेको अवस्थामा गत २७ जेठमा न्यायपरिषद्ले तीनजना न्यायाधीशको नाम मात्रै सिफारिस गरेको थियो । एउटा पद खाली राखेर सिफारिस गर्न नहुने भन्दै वरिष्ठतम न्यायाधीश सपना प्रधान मल्लले फरक मत राखेकी थिइन् । 'यति लामो समय खाली भइसकेर सर्वत्र प्रश्न उठिसकेपछि अब पनि केहीको नाम सिफारिस गर्ने र केही खाली राख्ने गर्न हुँदैन,' उनले त्यतिबेला न्यायपरिषद् बैठकमा भनेकी थिइन्, 'सबै चार जनाको सिफारिस हुन नसक्ने हो भने मैले हस्ताक्षर गर्न सक्दिँन ।'

२ जेठ, २०७९ मा न्यायाधीश मीरा खड्काले अवकाश पाएपछि अहिलेसम्म सर्वोच्च अदालतमा पूरै २१ जना न्यायाधीशको पदपूर्ति हुन सकेको छैन । सर्वोच्च अदालतको फूलकोर्ट सम्बद्ध स्रोतका अनुसार, वर्षौंदेखि रिक्त न्यायाधीश नियुक्तिमा चासो नदेखाएको न्यायपरिषद् नेतृत्वले निर्वाचनको एक महिना बाँकी हुँदा नियुक्ति प्रक्रिया अघि बढाउन खोजेकोमा प्रश्न उठेको हो ।

नेपाल बार एसोसिएसनका महासचिव केदार कोइराला निर्वाचनको मिति नजिकिएको अवस्थामा न्यायाधीश नियुक्तिमा जोड गर्दा त्यसले राम्रो सन्देश नजाने बताउँछन् । उनी भन्छन्, 'न्यायाधीशहरू संलग्न भएर हुने निर्णयहरू विवादरहित हुनुपर्छ । निर्वाचनको बेलामा हतारोमा निर्णय गर्दा आम जनमानस र न्यायिक वृत्तमा समेत सही सन्देश जाँदैन ।' अहिले न्यायाधीश नियुक्तिको प्रयास हुनुमा अर्को कारण पनि छ । १८ चैतमा प्रधानन्यायाधीश प्रधाशमान सिंह राउत अवकाश हुँदैछन् । अवकाशको मिति नजिँकिदै गर्दा न्यायाधीश नियुक्तिको प्रयासले उनको मर्यादामा आँच आउने र विवादमा पर्ने भन्दै अरू न्यायाधीशहरूले त्यसप्रति सजग रहन ध्यानाकर्षण गराएका थिए ।

न्यायाधीशको सिफारिसमा न्यायपरिषद्को सदस्यको हैसियतले कानूनमन्त्री समेत जोडिन्छन् । चुनावी सरकारका कानूनमन्त्रीलाई पनि आचारसंहिता आकर्षित हुने भएकाले उनी समेत संलग्न परिषद्ले गर्ने निर्णय विवादित हुनसक्ने आकलनका साथ न्यायपरिषद्ले आचारसंहिताको व्यवस्था ध्यानाकर्षण गराएको हो । अहिले सर्वोच्च अदालतमा दुई न्यायाधीशको सिफारिस भएपछि प्रतिनिधिसभा विघटनका कारण संसदीय सुनुवाइ हुन नसक्ने अवस्था छ ।

यसअघि पनि सर्वोच्चमा सिफारिस न्यायाधीश विनोद शर्मा सुनुवाइबिना नियुक्ति लिन अस्वीकार गरेका थिए । पछि विवादमा पर्ने डरले ४५ दिन पार गरेपछि सर्वोच्चका न्यायाधीशहरू संसदीय सुनुवाइ छलेर नियुक्ति लिन चाहँदैनन् । निर्वाचन प्रक्रिया हेर्दा चैतको दोस्रो साताबिना संसदीय सुनुवाइ विशेष समिति गठन हुन र सुनुवाइ गर्न सम्भव हुने देखिँदैन । फुलकोर्ट सम्बद्ध स्रोतले भन्यो, 'त्यस्तो अवस्थामा अहिले किन नियुक्तिका लागि हतारिएको भन्ने प्रश्न उठेको हो ।'

निर्णयपछि निर्वाचन आयोगले न्यायिक निकायको कामकारबाहीमाथि हस्तक्षेप गर्न मिल्छ ? भन्ने प्रश्न पनि उठेको छ । न्यायपरिषद्ले भने आचारसंहिताको दफा ५(च) अनुसार जानकारी गराइएको भनेको छ । उक्त दफामा आयोगलाई जानकारी गराई नियमित नियुक्तिमा बाधा नपर्ने उल्लेख छ । तर न्यायपरिषद्ले भने एउटा पत्रमा अनुमति मागेको छ भने अर्कोमा जानकारी गराइएको भनेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# कलाकार सुनिल थापाको निधन



काठमाडौं/'राते काइँला'को रूपमा परिचित कलाकार सुनिल थापाको निधन भएको छ । ६८ वर्षका उनको कार्डियाक अरेस्ट (मुटुको चाल बन्द हुनु)का कारण शनिबार बिहान थापाथलीस्थित नर्भिक अस्पतालमा निधन भएको हो । शंखमुलस्थित अपार्टमेन्टमा बस्दै आएका उनी अचानक अस्वस्थ भएपछि अस्पताल पुऱ्याइएको थियो । र, उपचारकै क्रममा उनको निधन भएको हो ।

तीन दशकभन्दा लामो समयदेखि अभिनयमा सक्रिय उनले डेढ सयभन्दा बढी फिल्ममा काम गरेका छन् । उनको पछिल्लो रिलिज फिल्म 'एक्लो' हो, जुन गत पुष १७ गते रिलिज भएको थियो । शुक्रबार राति अबेरसम्म उनले एक्सन फिल्म 'राम नाम सत्य'को छायांकन गरेका थिए । यो नै उनले काम गरेको अन्तिम फिल्म बन्न पुगेको छ ।

थापाले सन् २०१४ मा रिलिज भएको बलिउड फिल्म 'मेरी कोम'बाट विश्वमै ख्याती कमाएका थिए । यसमा उनले अभिनेत्री प्रियंका चोपडाको बक्सिङ प्रशिक्षकको भूमिका निभाएका थिए । यो फिल्मले उनलाई बलिउडमा 'सशक्त चरित्र अभिनेता'को रूपमा चिनाएको थियो । केही साताअघि मात्र उनले अभिनय गरेको हिन्दी वेब सिरिज 'द फेमिली म्यान ३' ओटीटीमा रिलिज भएको छ ।

नेपाली फिल्ममा खलनायक (भिलेन)को रूपमा परिचित उनले 'लोभी पापी', 'दर्पण छायाँ', 'मुखिया', 'सेतो बाघ', 'बलिदान', 'चिनो', 'नेपाली बाबु', 'ठूल्दाई' जस्ता फिल्ममा निभाएको भूमिका यादगार मानिन्छ । पछिल्लो समय अभिनयसँगै उनले काठमाडौंमा फिल्मसम्बन्धी अध्यापन गराउने संस्था एभरेस्ट फिल्म एकेडेमी सञ्चालन गर्दै आएका थिए ।

कलाकार थापाको निधनसँगै नेपाली फिल्मको एउटा युगको अन्त्य भएको छ । अभिनय मार्फत गर्विलो पहिचान बनाएका थापाको निधनको खबरले नेपाली फिल्म क्षेत्र शोकमा डुबेको छ । उनको निधनप्रति दु:ख व्यक्त गर्दै फिल्मकर्मीहरूले सामाजिक सञ्जाल मार्फत श्रद्धाञ्जली अर्पण गरिरहेका छन् । उनको शनिबार साँझ पशुपति आर्यघाटमा अन्त्येष्टी गरिने जनाइएको छ ।

# सुनिल थापालाई सम्झँदै हमाल भन्छन्, 'मेरो सिनेमा यात्रा तपाईंप्रति समर्पित गर्छु'



काठमाडौं/'राते काइँला'को रूपमा परिचित कलाकार सुनिल थापाको निधनले नेपाली फिल्म क्षेत्र शोकमा डुबेको छ । शनिबार बिहान कार्डियाक अरेस्टका कारण निधन भएका उनलाई फिल्मकर्मीहरूले सामाजिक सञ्जालमार्फत श्रद्धाञ्जली अर्पण गरिरहेका छन् । उनका समकालीन कलाकारहरू राजेश हमालदेखि विजय लामासम्मले उनलाई मर्मस्पर्शी रूपमा सम्झिएका छन् ।

अभिनेता हमालले आफ्नो फिल्म यात्रा नै थापाप्रति समर्पित गरेका छन् । उनले फेसबुकमा एक पोस्ट लेख्दै भनेका छन्, 'सुनिल, तपाईं एक अद्भुत सहकर्मी हुनुहुन्थ्यो । तपाईंले कहिल्यै भरिन नसक्ने खाली ठाउँ छोड्नुभएको छ । नेपाली सिनेमाको इतिहासमा तपाईं एउटा महत्त्वपूर्ण मोड हुनुहुन्छ । मेरो सिनेमा यात्रा तपाईंप्रति समर्पित गर्दछु ।'

पछिल्लो पटक फिल्म 'एक्लो'मा सुनिल थापासँग एकसाथ काम गरेका कलाकार विजय लामाले पनि फेसबुकमा एक पोस्ट लेख्दै आफू स्तब्ध भएको बताएका छन् । उनी लेख्छन्, 'सुनिल, म स्तब्ध छु । तिमी यो दुनियाँबाट बिदा भएकोमा मैले विश्वास नै गर्न सकेको छैन । तिमीले भौतिक रूपमा हामीलाई छोडेर गए पनि तिम्रो सदा याद आउनेछ । भाई, तिम्रो आत्मालाई शान्ति मिलोस् ।'

कलाकार थापाको निधनप्रति अभिनेत्री जल शाहले पनि दु:ख व्यक्त गरेकी छन् । उनले फेसबुक पोस्टमा लेखेकी छन्, 'तपाईंको निधनले म स्तब्ध र दु:खी छु । तपाईंसँगका अद्भुत सम्झनाहरू मेरो दिलमा सधैं रहनेछन् । तपाईंले मेरो फदयमा एक विशेष स्थान राख्नुभएको छ । तपाईंको धेरै याद आउनेछ । तपाईंको आत्मालाई शान्ति मिलोस्, दिग्गज ।'

कलाकारहरू हरिवंश आचार्य, अनुप बराल, किरण केसी, विराज भट्ट, रमित ढुंगाना, निशा अधिकारी, पल शाह, नीता ढुंगाना, पुष्प खड्का, बेनिशा हमाल, रिश्मा गुरुङ, निर्देशकहरू प्रदीप भट्टराई, सन्तोष सेन, गायकहरू राजेश पायल राई, प्रमोद खरेल, स्वरुप राज आचार्य, प्रताप दास लगायतले पनि कलाकार थापाप्रति सामाजिक सञ्जालमार्फत श्रद्धाञ्जली अर्पण गरेका छन् ।

# प्रतिष्ठाको लडाइँ....

एमालेको सम्पूर्ण ऊर्जा यस क्षेत्रमा केन्द्रित हुनेछ । ग्रामीण क्षेत्रहरूमा राष्ट्रिय स्वतन्त्र पार्टीको ठूलो प्रभाव देखिँदैन तर शहरी क्षेत्रमा यस दलको प्रभाव अत्यन्त बढिराखेको छ । मजदुर वर्गका मतदाता पनि राष्ट्रिय स्वतन्त्र पार्टीकै पक्षमा देखिन्छन् । यो वर्गका मतदाता भनेको स्वभावत: साम्यवादी दलहरूकै झन्डामा आबद्ध भइराखेका हुन् । त्यसैले झापामा अत्यन्त ठूलो प्रतिस्पर्धा हुन्छ । ६४ सालमा एकपटक मात्र पराजयको सामना गर्नुपरेका ओलीजी यसपटक अत्यन्त ठूलो तनावमा रहेका छन् । २०७९ को निर्वाचनमा निकटतम प्रतिद्वन्द्वी राष्ट्रिय स्वतन्त्र पार्टीकै उम्मेदवार भएका कारणले पनि यस निर्वाचनमा प्रतिस्पर्धा अत्यन्त तीव्र हुनेछ । बालेनजीको आम जनतासँग सम्पर्कमा नआउने शैलीले गर्दा ओलीलाई निर्वाचनमा विजय हुन सहज अवस्था बनाएको छ ।

अर्का प्रधानमन्त्रीका उम्मेदवार हुन् कमरेड प्रचण्ड, उनी निर्वाचनमा प्रतिस्पर्धा गर्दै गर्दा हार र जित दुवैको अनुभव सम्हालेका नेता हुन् । सुरक्षित निर्वाचन क्षेत्र बनाएका छैनन् । उनी विभिन्न खालका रणनीति अवलम्बन गर्दै प्रत्येक निर्वाचनमा निर्वाचन क्षेत्र परिवर्तन गर्दै प्रतिस्पर्धा गरिरहेका छन् । यस निर्वाचनमा रुकुम-पूर्व पुगेका छन् । द्वन्द्वरत अवस्थामा माओवादीको प्रभाव क्षेत्रका रुपमा रहेको रुकुम जिल्लामा उक्त दलको पक्षमा मत आउनुपर्ने हो । तर उनले माओवादी दलसमेत परिवर्तन गरेर नेपाली कम्युनिस्ट पार्टीका नामले आफ्नो इज्जत र प्रतिष्ठा बचाई अध्यक्षको ठाउँमा संयोजक बन्दै राजनीतिमा आफ्नो स्थान सुरक्षित राखेका छन् । १७ हजार नेपालीलाई बलिवेदीमा चढाएर देशको प्रधानमन्त्री पटक-पटक हुँदा त्यसको उपादेयता मतदाताले खोजिराखेका छन् । यो खतरा उनलाई छुँदै छ । जनार्दनजी र ओलीजीको रणनीति उनलाई निर्वाचनमा पराजित गर्ने हिसाबले अघि बढेको सूचना प्राप्त भइराखेको छ । त्यसैले प्रचण्डजी राजनीतिका खेलाडी हुन् । उनले रुकुम-पूर्वको निर्वाचन क्षेत्र रोज्नु एकमात्र उनी निर्वाचित हुने आधार हो । अन्यथा प्रचण्डजीको अवस्था सहज देखिँदैन । निर्वाचित भएमा जे-जस्तो आस्था र सिद्धान्त बोकेका दलहरुसँग पनि आफू प्रधानमन्त्री हुने मूल्यमा समझदारी गर्ने उनको पुरानो शैलीका कारण प्रधानमन्त्री हुने सांसदहरूको गणनामा उनी पनि पर्दछन् । यी पाँचजना आफूलाई भावी प्रधानमन्त्रीका रुपमा प्रस्तुत गर्दै निर्वाचनमा होमिएका छन् । संसद्को आकार कस्तो बन्ने हो ? तत्पश्चात् मात्र प्रधानमन्त्रीको सम्भावनाका बारेमा विश्लेषण गर्न सकिन्छ ।

निष्कर्ष :

निर्वाचनमा कुन दलले कति सिट प्राप्त गर्ला ? भनेर अहिले नै अनुमान गर्नु अपरिपक्व हुन्छ । मतदाताको आकर्षण र चुनावी रणनीतिले यसलाई दिशा दिने गर्दछ । नेपालको राजनीति भूराजनीतिबाट पनि प्रभावित हुन्छ । यद्यपि यो सन्दर्भ अमूर्त छ, तथापि राजनीतिक घटनाक्रमहरू र परिवर्तनहरूको आर्किटेक्ट देशबाहिर नै रहेको अवस्थाबाट हामी सबै परिचित छौं । देशको राजनीति एउटा घटनाबाट निर्णायक मोडमा पुगेको थुप्रै उदाहरण नेपालको सन्दर्भमा दिन सकिन्छ । तत्कालीन राजा ज्ञानेन्द्रले सरकारको नेतृत्व गरिरहँदा सार्क शिखर सम्मेलनमा चीनलाई पर्यवेक्षक राष्ट्रको रुपमा राख्ने प्रस्ताव पेस हुनु नै यो देशलाई गणतन्त्र बनाउने प्रमुख कारण बन्न पुगेको हो । तत्कालीन प्रधानमन्त्री ओलीजीले बेइजिङमा भएको सम्मेलनमा भाग मात्र लिएनन् । त्यहाँ आयोजना गरिएको परेडमा समेत सहभागिता दिए । जापानमाथि चीनको विजयको विषयलाई लिएर प्रदर्शन गरिएको परेडमा हाम्रो देशको प्रधानमन्त्रीले सहभागिता दिनु आलोचनाको विषय बनेको छ । यति मात्र नभई पुटिनसँग र सीसँग उनको भेटघाटले पनि थप आशंका पश्चिमाहरुलाई हुने नै भयो ।

यसले नेपालका प्रधानमन्त्री ओलीजीप्रति गैरसाम्यवादी देशहरूको वक्रदृष्टि रहन पुग्यो । नेपालजस्तो सामरिक हिसाबले महत्व भएको सानो देशका प्रधानमन्त्रीले वैदेशिक सम्बन्ध सबैसँग सन्तुलित रुपमा राख्न विशेष ध्यान दिनुपर्ने थियो । यसलाई कसरी लिने हो ? वैदेशिक सम्बन्धका जानकारहरुका विश्लेषणहरुलाई आधार बनाउने हो भने, यसले देशका लागि राम्रो नगरेको र गत भाद्रको राजनीतिक घटनाक्रम पनि यसैको सह-उत्पादन हो भनिदैं छ । निर्वाचन आउन धेरै दिन बाँकी छैन ।

अब प्रचारप्रसार र चुनावी रणनीतिहरूले उत्कर्ष रुप लिनेछ । यही क्रममा कुन दलको अवस्था कस्तो हुने हो ? आँकलन गर्न सकिन्छ । राजनीतिक बजारमा चर्चामा आइरहेका विश्लेषणहरुलाई आधार मान्ने हो भने, कुनै एक दललाई सरकारमा पुऱ्याउने रणनीतिसहित यो निर्वाचन भइराखेको छ । यदि उक्त दल पराजित हुने अवस्था आउँदा निर्वाचन नै हुन नसक्ने स्थिति पनि देखिन सक्छ । यसका अतिरिक्त संसद् पुनर्स्थापनको मामिला सर्वोच्च अदालतमा विचाराधीन छ । यसको निर्णय पश्चात् पनि नेपालको राजनीतिले कुन प्रकारको भावी दिशा निर्दिष्ट गर्ने हो ? विश्लेषणको विषय बन्न सक्छ । तसर्थ अहिलेको अवस्थामा झापाको निर्वाचन क्षेत्र नम्बर ५ अत्यधिक चासोको क्षेत्र बनेको छ ।

निर्वाचन शान्तिपूर्वक सम्पन्न भएमा तत्पश्चात् गणितीय र भूराजनीतिकसमेतका हिसाबले देशको सरकार प्रमुख कुन दलको कुन पात्रले सम्हाल्ने अवसर पाउने हो ? निश्चित छैन । किनकि वर्तमान संविधान कायम रहेसम्म प्रधानमन्त्रीको निर्वाचन संविधानसम्मत हिसाबले हुनुपर्दछ ।

*(साभार: न्यूज अफ नेपाल)*

# खोटाङमा बिहे भोज खाएका बेहुला-बेहुलीसहित १०० जना बढी बिरामी

खोटाङ/खोटाङमा बिहेको भोज खाएकाहरू बिरामी परेका छन् । जन्तेढुंगा गाउँपालिका-६ दिप्लुङमा बिहे भोज खाएका करिब साढे एक सय जना बिरामी परेका हुन् ।

भोज खाएपछि 'फुडपोइजन' भएको आशंका छ । बिरामी परेका स्थानीयको दिप्लुङकै निगालावास भञ्ज्याङ निवासी रामकुमार राईको घरमा शिविर राखेर उपचारको प्रबन्ध मिलाइएको गाउँपालिका उपाध्यक्ष खेम खड्काले बताए ।

माघ २१ गते विवाह भोज खाएका स्थानीयवासी माघ २२ गते बेलुकादेखि बिरामी पर्न थालेका हुन् । भोज खाएको १२ घण्टापछि सुरुमा ज्वरो आउने, काम्ने र झाडापखाला लाग्ने समस्या देखिएको छ । बेहुला र बेहुलीसमेत बिरामी परेका छन् । बिरामी परेका स्थानीयको उपचारका लागि गाउँपालिकाको स्वास्थ्य शाखाको आरआरटी टिम, स्वास्थ्य कार्यालय र जनप्रतिनिधिको टोली खटिएका छन् ।

बिरामीको अधिक चाप बढेपछि स्वास्थ्य कार्यालयबाट पनि औषधि सहितको जनशक्ति मगाइएको उपाध्यक्ष खड्काले बताए । उपचारको माग गर्दै बिरामी सम्पर्कमा आउन थालेपछि गाउँपालिकाले माघ २३ गतेदेखि निगालावास भञ्ज्याङमा भेला गरेर उपचारको प्रवन्ध मिलाएको हो ।

गाउँपालिकाका अनुसार भोज खाएका जति सबै स्थानीय बिरामी परेका छन् । बिरामी परेकामध्ये केही गम्भीर रहेका छन् । स्वास्थ्यमा समस्या आएका स्थानीय उपचारका लागि आउने र जानेक्रम अहिले पनि जारी छ । धेरैजसो बिरामी उपचारपछि घर फर्किएका छन् ।

३५ जनाको अहिले पनि स्लाइनपानी, जीवनजल लगायतका औषधि दिएर उपचार भइरहेको छ । उपाध्यक्ष खड्काका अनुसार भोज खाएर फर्किएका उदयपुर, काठमाडौं लगायतका पाहुना समेत बिरामी परेको खबर आएको छ ।

'फुडपोइजन'को कारण पत्ता लगाउनका लागि प्रदेशबाट 'स्याम्पल' संकलन गर्न टोली मगाइएको स्वास्थ्य कार्यालय खोटाङका प्रमुख कुलबहादुर पौडेलले बताए ।

ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

ब्लु हेवन टेलर्स्
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

# सुनिल थापाको निधनपछि प्रियंका चोपडा भन्छिन्, 'तपाईं सधैं मेरो कोच रहनुहुनेछ'

काठमाडौं/बलिउड तथा हलिउड अभिनेत्री प्रियंका चोपडाले कलाकार सुनिल थापाको निधनप्रति दु:ख व्यक्त गरेकी छन् । सन् २०१४ मा रिलिज भएको बायोपिक फिल्म 'मेरी कोम'मा सुनिलसँग एकसाथ गरेकी उनले शनिबार साँझ सामाजिक सञ्जालमा फिल्मको एक दृश्य सेअर गर्दै आफूलाई मुस्किल समयमा सहयोग गरेकोमा थापालाई धन्यवाद दिएकी छन् ।

उनले लेखेकी छन्, 'तपाईं सधैं मेरो कोच रहनुहुनेछ सर । पिताको निधनपछि तपाईंले मलाई सम्हाल्नुभयो । तपाईंले मलाई माया गर्नुभयो र कयौं मुस्किल दिनमा मलाई थाहै नदिइ पनि सहयोग गर्नुभयो । तपाईंको न्यानो अंगालो र तपाईंको हाँसो सधैं मेरो सम्झनाको हिस्सा हुनेछ । तपाईं निकै कम उमेरमा जानुभयो, तर तपाईंलाई हामी कहिल्यै बिर्सिने छैनौं ।'

प्रियंकाले आफू टुटेको समयमा सुनिल थापाले देखाएको दयालुपनका लागि पनि धन्यवाद व्यक्त गरेकी छन् । उनी अगाडि लेखिछन्, 'तपाईंको आत्मालाई शान्ति मिलोस्, सुनिल थापा । परिवार र प्रियजनहरूप्रति मेरो गहिरो समवेदना र प्रार्थना ।' फिल्म 'मेरी कोम'मा कलाकार थापाले प्रियंकाको बक्सिङ कोचको भूमिका निभाएका थिए ।

कलाकार थापाको शनिबार बिहान ६८ वर्षको उमेरमा कार्डियाक अरेस्टका कारण निधन भएको हो । शंखमुलस्थित आफ्नै अपार्टमेन्टमा बेहोस भएपछि उनलाई उपचारका लागि नर्भिक अस्पताल पुऱ्याइएको थियो । त्यहीँ उनले अन्तिम सास दिए । उनको भोलि आइतबार पशुपति आर्यघाटमा अन्त्येष्टी गरिने जनाइएको छ । उनका श्रीमतीसहित एक छोरा र एक छोरी छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# को हुन् राप्रपाबाट मकवानपुर-२ का उम्मेदवार रामबहादुर थोकर ?

साझाकुरा संवाददाता

हेटौंडा, २४ माघ/ फागुन २१ मा हुन लागेको प्रतिनिधी सभा सदस्य चुनावमा मकवानपुर जिल्ला क्षेत्र नम्बर २ मा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाट रामबहादुर थोकर प्रत्यक्षतर्फका उम्मेदवार हुन् ।

मकवानपुरको कैलाश गाउँपालिका-१० साविक नामटार गाविस, मच्याङकोटमा वि.सं.२०२३ साल साउन ७ गते जन्मिएका थोकरले एसएलसीसम्मको शैक्षिक योग्यता पूरा गरेका छन् । स्थानीय रत्नज्योति निमाविबाट सात कक्षा उर्त्तीण गरेका उनले भुटनदेवी मावि, हेटौंडाबाट २०४२ सालमा एसएलसी गरेका हुन् । उनी राजनीतिमा भने २०३९ सालबाटै लागे । त्यो बेला नेताका रुपमा रुपचन्द्र विष्ट र कमल थापा भनेर प्रचार गरिने समयमा जनपक्षीय तर्फपट्टि भुटनदेवी माविमा पार्टीको विद्यार्थी संगठन राप्रविसंमा थोकर आबद्ध हुँदै उनी आफ्नो राजनीतिक सोच र चेतनालाई विकास गराए ।



२०३९ सालमा पार्टीकी ओमुटेम्पा लामा मकवानपुर जिल्ला सभापतिमा निर्वाचित भएपछि स्वकीय सचिवको जिम्मेवारी थोकरले प्राप्त गरे । त्यो समयमा उनले लामालाई सफल बनाउँन आफ्नो विकेक, बलबुताले भ्यायसम्म लागिपरे । यसपछि २०४३ सालमा भएको चुनावमा ओमुटेम्पाको चुनावी सल्लाहकारका रुपमा पनि थोकरल आफूलाई खडा गर्दै चुनावी अभियानमा लागिपरे । थोकरको समुदाय सीमान्तकृत चेपाङ बाहुल्यताको भएकाले २०४०-४२ तिर चेपाङको प्रजा विकास कार्यक्रमका लागि उनले अगुवाई गरे ।

चेपाङ समुदायको जीवनस्तर सुधार्न र उनीहरुलाई चेतना अभिवृद्धि गराउँन थोकरले त्यो बेलामा आफ्नो व्यक्तिगत तथा राजनीतिकरुपमा शसक्त भूमिका खेले । चेपाङ समुदायमा अहिले विस्तारै हुन थालेको सानोसानो परिवर्तन त्यसबेला उनै थोकर जस्ता राजनीतिकर्मी एवम् सामाजिक अभियन्ताकै देन हो । यसैले पनि थोकरले आफूलाई भूईंमान्छे वा तल्लो समुदायको उत्थानमा विगतबाटै समर्पित गराउँदै आएको देखिन्छ । गाउँ समुदायको गरिबीबाट कसरी माथि उकास्न सकिन्छ भनेर राजनीतिक अभियानमा होमिएकै बखत थोकर आफैं पनि व्यवसायिक रुपमा केही समस्यामा परे । त्यसपछि उनी आफ्नो गाउँघरदेखि टाढा रही केही समय आफ्नो व्यावसायिक जीवनलाई अगाडि बढाए ।

२०४६ मा बहुदलीय व्यवस्था घोषणाका कारण पार्टी प्रणाली चल्ने भयो र उनी आफ्नो व्यवसायिक कर्म छाडेर गाउँ फर्किए । त्यो बेलामा थापा र चन्द गरी राप्रपाका दुई समूहमध्ये उनले 'हलो' चिन्ह भएको चन्द समूह रोजे । यो दुई पार्टीबीच एकता भयो । थोकरले आफ्नो राजनीतिक अभिभाक मानेका ओमुटेम्पा २०४७ मा नेपाली कांग्रेसमा प्रवेश गरिन् । तर, पनि थोकर आफ्नो राजनीतिक निष्ठामा विचलित भएनन् । विद्यार्थी जीवनबाट आफूले राजनीतिक यात्रा आरम्भ गरेको पार्टीमै रही सदैव राजनीतिक कर्ममा लागिपर्ने थोकरले अठोट लिए ।

पार्टी एकतापछि एक प्रकारको राजनीतिक माहौल निर्माण हुँदै गर्दाको त्यसबेला २०५६ मा मकवानपुरबाट कमल थापा विजयी भए । त्यो बेला उनै थोकरको अगुवाईमा भएको चुनावी माहौलले जनताको मत जित्दै थापाले विजय हासिल गरेका थिए । वि.सं २०६० मा थोकर आफ्नो कामका लागि हङकङ गए । त्यसको केही वर्षपछि उनी पुन:आफ्नो घर फर्किए । २०६४ सालमा पहिलो संविधानसभाको चुनाव आयो । त्यो बेलामा राजनीतिक रापताप अर्कै बनिसकेको थियो । पार्टीलाई जीवन्त राख्दै जनताका बीचमा चुनावी अभियानमा होमिनु पनि एक प्रकारको चुनौती थियो । तर, त्यस परिस्थितिमा उनी पार्टीबाट तोकिएका उम्मेदवारलाई लिएर मतदातासामु पुग्दै कार्यकर्ता र जनताकाबीचमा खडा गराउँन उनी लागिपरे ।

पहिलो संविधानसभा संविधान नदिई विघटन भएपछि २०७० सालमा देशमा पुन: संविधानसभाको चुनाव भयो । यो पटक पार्टीबाट उनी आफैं माथि उम्मेदवार बन्ने जिम्मेवारी प्राप्त भयो । तत्कालीन समयमा उनले जुन मत प्राप्त गरे, त्यसलाई उनी सन्तोष मान्छन् । यसपछि २०७४ सालमा भएको चुनावमा उनी समानुपातिक उम्मेदवार रहे । २०७९ सालको चुनावमा जनताले उनलाई उम्मेदवारको रुपमा चाहे पनि त्यसमा उनी आफू उठेनन् । आफ्नो क्षेत्रबाट आफू नउठेकै कारण क्षेत्र नम्बर १ का पार्टीका उम्मेदवार दीपकबहादुर सिंहलाई जीतका लागि सहज भएको उनको भनाई छ । यो बीचमा उनको पार्टी राप्रपाको महाधिवेशनमा थोरै मतले केन्द्रीय सदस्यमा पराजित हुनु परेपनि उनी पार्टी राजनीतिमा सक्रियतापूवर्क लागिपरे ।

कमल थापाले राप्रपा नेपाल ब्युताएर पार्टीबाट अलग भएपनि उनी भने हलो चिन्हवाला आफ्नो पुरानै पार्टीमा बसे । हाल उनी राप्रपाको केन्द्रीय सदस्यको भूमिकामा छन् । पार्टीकै संगठन प्रजातान्त्रिक जनजाति विभागको सदस्य सचिवका अलावा संघीय निर्वाचन क्षेत्र नम्बर २ का अध्यक्षमा रुपमा आफूलाई क्रियाशील गराइ राखेका छन् । विद्यार्थी जीवनदेखि अहिलेको यो परिपक्व र अनुभवले भरिपूर्ण उम्मेदवारका रुपमा थोकरले आफूलाई मकवानपुरको क्षेत्र नम्बर २ का मतदाता सामु उभ्याएका छन् ।

जनताको जीवनशैली परिवर्तन गर्दै उनीहरुको सर्वाङ्गिण विकासका लागि आफ्नो उम्मेदवारी रहेको उनको भनाई छ । पछिल्लो समय नेपालमा भएको जेनजी अर्थात् नवपुस्ताको आन्दोलनको भावना अनुसार देशमा विकास, सुशासन कायम गराउँदै भ्रष्टाचार अन्त्यका लागि पनि आफू संसद भएर भूमिका खेल्ने उनको चाहना छ । यसैले उनी चुनावी अभियानमा होमिएका छन् ।

# विज्ञान शिक्षकका लागि आर्टिफिसियल इन्टेलिजेन्ससम्बन्धी तालिम



साझाकुरा संवाददाता

हेटौंडा, २४ माघ/विज्ञान शिक्षक समाज नेपाल मकवानपुरको आयोजनामा विज्ञान शिक्षकका लागि 'आर्टिफिसियल इन्टेलिजेन्स' सम्बन्धी एकदिने तालिम भुटनदेवी माध्यमिक विद्यालयमा सम्पन्न भएको छ ।

तालिममा जिल्लाभरका ५८ जना विज्ञान शिक्षकको सहभागिता रहेको थियो भने जिल्लामा क्रियाशील ९ वटा सञ्चार माध्यमका प्रतिनिधिको उपस्थिति रहेको थियो । कार्यक्रम विज्ञान शिक्षक समाज नेपाल मकवानपुरका अध्यक्ष भरत पोखरेलको अध्यक्षतामा सम्पन्न भएको हो । प्रमुखअतिथिका रुपमा शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख सुदीप गिरी थिए । विशिष्ट अतिथिमा भुटनदेवी एल्मुनाई एसोसिएसनका अध्यक्ष तथा हेटौंडा-२ का वडाअध्यक्ष विष्णुगोपाल महर्जन, भुटनदेवी माविका प्रधानाध्यापक सूर्यप्रसाद घिमिरे, सहप्राध्यापक बेदराज कोइराला सहभागी थिए ।

विज्ञान समाज मकवानपुरका सल्लाहकार विनोद गुप्ता, केशव न्यौपाने, स्टान हेटौंडाका अध्यक्ष भुपेन्द्रप्रसाद यादव, राक्सिराङका अध्यक्ष राजेश गुप्ता, रियल युनिक कम्प्युटर सेन्टर हेटौंडाका सञ्चालक तथा प्रशिक्षक श्रवणकुमार श्रेष्ठ तथा आइटी रिसर्चकर्ता नवीन गन्ताङ लामालगायतको सहभागिता रहेको थियो । तालिममा सहभागीको तर्फबाट कौशल्या दहाल र कुलचन्द्र अधिकारीले 'प्रविधिमैत्री तालिमले शिक्षण सिकाइ प्रक्रियालाई आधुनिक, प्रभावकारी र प्रविधिसँग जोड्न महत्वपूर्ण भूमिका खेल्ने बताएका थिए ।

प्रमुख अतिथि गिरीले आर्टिफिसियल इन्टेलिजेन्स आजको शिक्षण प्रणालीको अभिन्न अङ्ग बन्दै गएको उल्लेख गर्दै शिक्षकले प्रविधिसँग अद्यावधिक हुँदै विद्यार्थीलाई व्यवहारिक र प्रविधिमैत्री शिक्षा प्रदान गर्नुपर्ने आवश्यकता औंल्याए । उनले यस्ता तालिमले शिक्षकको क्षमता अभिवृद्धि गरी गुणस्तरीय शिक्षामा योगदान पुऱ्याउने विश्वास व्यक्त गरे । सभाध्यक्ष पोखरेलले विज्ञान शिक्षक समाज नेपाल मकवानपुरले शिक्षकको पेशागत विकास, क्षमता अभिवृद्धि तथा प्रविधिमैत्री शिक्षाको विस्तारका लागि निरन्तर यस्ता कार्यक्रम सञ्चालन गर्दै आएको बताए । उनले आगामी दिनमा अझ प्रभावकारी तालिम तथा कार्यक्रम सञ्चालन गरिने प्रतिबद्धता व्यक्त गरे ।

तालिममा प्रशिक्षक श्रवणकुमार श्रेष्ठ र आइटी रिसर्चकर्ता नवीन गन्ताङले आर्टिफिसियल इन्टेलिजेन्सको आधारभूत अवधारणा, शिक्षणमा यसको प्रयोग तथा भविष्यका सम्भावनाका विषयमा प्रशिक्षण दिएका थिए । कार्यक्रममा सहभागी शिक्षकलाई प्रमाणपत्र तथा अतिथिलाई मायाको चिनो प्रदान गरिएको थियो । कार्यक्रम भुटनदेवी एल्मुनाई एसोसिएसन र रियल युनिक कम्प्युटर सेन्टर हेटौंडाको सौजन्यमा सम्पन्न भएको हो ।

# प्रज्जवलको ३६ औं अभिभावक भेला

साझाकुरा संवाददाता

हेटौंडा, २४ माघ/ हेटौंडा उपमहानगरपालिका-६ स्थित सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित प्रज्ज्वलशिक्षा सदन इंग्लिस स्कुलले ३६ औं अभिभावक दिवस मनाएको छ ।



हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष महेन्द्रकुमार श्रेष्ठको सभाध्यक्षता रहेको थियो । कार्यक्रममा विद्यालयको वार्षिक परीक्षामा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने विद्यार्थी, उत्कृष्ट शिक्षक, उत्कृष्ट अभिभावक तथा विभिन्न विधामा उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीलाई सम्मान तथा पुरस्कार प्रदान गरिएको थियो । उत्कृष्ट शिक्षक अस्मिता नेपालीलाई नगद ५ हजार रुपैयाँसहित सम्मान गरिएको छ ।

विद्यालय व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष शम्भु थापा, शिक्षक अभिभावक संघका निवर्तमान अध्यक्ष सन्जिता थापा र पूर्वलेखापाल इशा गुरुङलाई सम्मान गरिएको थियो । नियमित शुल्क बुझाउने अभिभावक शर्मिला गौतम र उनीशा पाण्डे तथा बालबालिकालाई ताजा र स्वस्थकर खाजा पठाउने भगवती महत र सुस्मिता बर्तौलालाई सम्मान गरिएको विद्यालयका प्रिन्सिपल गणेशबहादुर श्रेष्ठले जानकारी दिए । नियमितरुपमा बालबालिकाको अवस्था बुझ्ने तथा सफा र सुग्गर बनाएर विद्यालय पठाउने अभिभावकलाई पनि सम्मान गरिएको थियो ।

कार्यक्रममा विद्यार्थीले विविध सांस्कृतिक प्रस्तुति प्रस्तुत गर्नुका साथै विज्ञानसम्बन्धी प्रयोगात्मक अभ्यास प्रदर्शन गरेका थिए । विद्यालयका प्रिन्सिपल श्रेष्ठले विद्यालयको शैक्षिक, भौतिक तथा व्यवस्थापकीय अवस्थाबारे जानकारी दिए । कार्यक्रमका वक्ताले सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित विद्यालयको सामाजिक महत्व उल्लेख गर्दै यस्ता विद्यालयले न्यून शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको बताए । उनीहरुले गुठीप्रणालीले शिक्षाक्षेत्रमा सामुदायिक सहभागिता बढाएको उल्लेख गर्दै सार्वजनिक उत्तरदायित्व बोकेका विद्यालयको भूमिकालाई अझ सुदृढ गर्नुपर्नेमा जोड दिएका थिए ।

गुठी विद्यालयको संरक्षण, व्यवस्थापन सुधार र गुणस्तरीय शिक्षाको निरन्तरताका लागि स्थानीय तह, अभिभावक, समुदाय र सरोकारवाला सबैको सहकार्य आवश्यक रहेको उनीहरुको भनाइ थियो । कार्यक्रममा वडा नम्बर ६ का अध्यक्ष विष्णुबहादुर दाहाल, निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन) मकवानपुरका अध्यक्ष विनोद सुवेदी, रानी सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष केशव धिताल, सञ्चारकर्मी भीमसेन पौडेल तथा विद्यालय बाल समूहकी अध्यक्ष सलिना मानन्धर लगायतको उपस्थिति रहेको थियो ।

# नेतृत्व सुदृढ भए सहकारी बलियो: मन्त्री पौडेल



साझाकुरा संवाददाता

हेटौंडा, २४ माघ/ बागमती प्रदेशकी सहकारी तथा गरिबी निवारण मन्त्री बिनु रायमाझी पौडेलले सहकारी क्षेत्रलाई सुदृढ र विश्वासिलो बनाउन सक्षम नेतृत्वको भूमिका अत्यन्त महत्वपूर्ण हुने बताएकी छिन् । वर्तमान सन्दर्भमा नेतृत्वको भूमिकाबारे भएका छलफलबाट प्राप्त सुझावलाई सहकारी ऐन परिमार्जन तथा नीति सुधारमा प्रयोग गरिने उनले स्पष्ट पारिन् ।

हेटौंडामा बागमती प्रदेश सहकारी संघ लिमिटेडको आयोजनामा शनिबार सम्पन्न 'वर्तमान सन्दर्भमा नेतृत्वको भूमिका' विषयक अन्तरक्रियामा मन्त्री पौडेलले छलफलबाट आएका रायसुझावलाई संकलन गरी बागमती प्रदेश सहकारी संघले मन्त्रालयमा पेश गर्ने विश्वास व्यक्त गरिन् । मन्त्रालयमा सीमित जनशक्ति रहेकाले सहकारी संघमार्फत विभिन्न कार्यक्रम सञ्चालन गर्न निर्देशन दिइँदै आएको उनको भनाइ थियो । बागमती प्रदेशका १३ वटै जिल्लामा रहेका सहकारी संघसंस्थाको सुदृढीकरण तथा प्रवर्द्धन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको उल्लेख गर्दै मन्त्री पौडेलले सहकारी सम्बन्धी ऐन, नियम तथा कार्यान्वयनमा देखिएका कमजोरी सुधार गर्न यस्ता अन्तरक्रियाले महत्वपूर्ण योगदान पुऱ्याउने बताइन् ।

कार्यक्रममा बागमती प्रदेश सहकारी संघ लिमिटेडका अध्यक्ष रामशरण घिमिरेले कार्यक्रमको उद्देश्यबारेमा जानकारी गराएका थिए । संघका व्यवस्थापक रुपक घिमिरेले 'वर्तमान सन्दर्भमा नेतृत्वको भूमिका' विषयक कार्यपत्र प्रस्तुत गरे । संघका व्यवस्थापक घिमिरेकाअनुसार बागमती प्रदेशका ७ वटा जिल्लामा यस प्रकारका अन्तरक्रिया सम्पन्न भइसकेका छन् भने बाँकी जिल्लामा प्रतिनिधिसभाको निर्वाचनपछि कार्यक्रम आयोजना गरिनेछ । कार्यक्रममा सहकारी संस्थामा डिजिटल नेतृत्वको भूमिका विषयमा पायनर खड्काले प्रस्तुति दिएका थिए ।

सहभागी वक्ताले सहकारी संस्थाले ऐन, नियम तथा कार्यान्वयनका क्रममा विभिन्न समस्या भोग्नुपरेको, भाखा नाघेका कर्जाको प्रभावकारी व्यवस्थापन नहुनु, नियमन निकायबाट पर्याप्त अनुगमन नहुनु लगायत गुनासो राखेका थिए ।

मकवानपुर जिल्ला सहकारी संघका अध्यक्ष नारायणप्रसाद देवकोटाले १३ वटै जिल्लाबाट प्राप्त सुझावलाई प्रतिवेदनका रुपमा तयार गरी बागमती प्रदेश सहकारी तथा गरिबी निवारण मन्त्रालयमा बुझाउन बागमती प्रदेश सहकारी संघ लिमिटेडलाई आग्रह गरे ।

सहकारी तथा गरिबी निवारण मन्त्रालयअन्तर्गत प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय काठमाडौंमा सारिएको विषयमा चितवन, मकवानपुर र सिन्धुलीका सहकारी संस्थालाई काठमाडौं पायक नपर्ने भएकाले यो विषयमा माघ २८ गते बागमती प्रदेशका मुख्यमन्त्रीसँग छलफल गर्ने कार्यक्रम तय गरिएको उनले जानकारी दिए । बागमती प्रदेशको सहकारी तथा गरिबी निवारण मन्त्रालयको सहआयोजना तथा मकवानपुर जिल्ला सहकारी संघको समन्वयमा कार्यक्रम भएको हो ।

# बालगायिका सुलज्ञालाई कोइलीदेवी माथेमा स्मृति सम्मान प्रदान

साझाकुरा संवाददाता

हेटौंडा, २४ माघ/ कोइलीदेवी माथेमा स्मृति मातृभूमि पुरस्कार २०८२ बालगायिका सुलज्ञाराज्यलक्ष्मी शाहलाई प्रदान गरिएको छ ।

मातृभूमि साहित्य समाजको आयोजनामा तथा वडा नम्बर १ को सहकार्यमा शनिबार आयोजित कार्यक्रमका बीच शाहलाई नगदसहित पुरस्कृत गरिएको हो । नेपाली गीतसंगीत क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै शाहलाई नगद ११ हजार रुपैयाँसहित प्रशंसापत्र प्रदान गरिएको हो । कार्यक्रमका प्रमुखअतिथि हेटौंडा उपमहानगर प्रवक्ता तथा १ नं. वडाअध्यक्ष सबिन न्यौपानेले शाहलाई पुरस्कार रकम प्रदान गरेका हुन् । मकवानपुरे नारीरत्न कोइलीदेवी माथेमाको स्मृतिमा यो पुरस्कार स्थापना गरिएको हो ।



२०७१ सालमा हेटौंडा-११ मा जन्मेकी शाहले 'आचल कला पुञ्जको गायन प्रतियोगितामा द्वितीय स्थान र 'म यस्तो गीत गाउँछु' प्रतियोगितामा प्रथम स्थान हासिल गर्नुका साथौ बिभिन्न स्थानमा सागीतिक प्रस्तुती दिइसकेकी छिन् । कोइलीदेवीको सांगीतिक यात्राबारे जानकारी दिइएको थियो । गायिका एवम् प्रथम महिला संगीतकार कोइलीदेवीको जन्म वि.सं. १९८७ सालमा मकवानपुरको चिसापानीगढी, भीमफेदीमा भएको थियो । उनको निधन वि.सं. २०६४ साल पुस ६ गते भएको थियो ।

कार्यक्रममा पुरस्कृत शाहसहित अतिथिगायक कृष्णगोपाल सिंह, सुनिता बुर्लाकोटी, पिएम सेन्टर तथा शुभारम्भ समूहका कलाकारको गायन प्रस्तुति रहेको थियो । सहभागीले कोइलीदेवीको योगदानलाई स्मरण गर्दै उनका गीत संगीतको संरक्षण र प्रवर्द्धन आवश्यक रहेको धारणा व्यक्त गरेका थिए । मातृभूमि साहित्य समाजका अध्यक्ष कृष्णप्रसाद दाहालको सभाध्यक्षतामा भएको कार्यक्रममा मातृभूमिका प्रमुखसंरक्षक मुक्तिगोविन्द बैद्य, सल्लाहकार मुना अर्याल, अनुसन्धानकर्ता केदार न्यौपाने, १० वडाअध्यक्ष फुर्वादोर्जे लामालगायतको आतिथ्यता रहेको थियो ।

### जनताको आवाज सदनमा बुलन्द गर्ने प्रतिबद्धतासहित

# विष्टको मतदाता भेटघाट जारी

साझाकुरा संवाददाता

हेटौंडा, २४ माघ/ आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको मिति नजिकिँदै गर्दा चुनावी सरगर्मी बढ्न थालेको छ । उम्मेदवारहरु मतदाता भेटघाट र भोट आफ्नो पक्षमा पार्न यथासक्य प्रयास गरिरहेका छन् ।

उम्मेदवारी दर्ता गरेका उम्मेदवारको सक्रियता बढ्दै गर्दा नेपाली कम्युनिस्ट पार्टी तारा चिन्हबाट उम्मेदवारी दिएका थाहा नगरका सफल पूर्वमेयर लवशेर विष्टले आफ्नो अभियानलाई तीव्र बनाएका छन् । चुनावी अभियानअन्तर्गत थाहा-९ नम्बर कपुगाउँका बलामी समूहले उम्मेदवार बिष्टलाई समर्थन गर्ने निर्णय गरेको जानकारी समूहका अध्यक्ष श्रवण बलामीले दिए । भेटघाट कार्यक्रममा उपस्थित बलामी समूहले मकवानपुर-२ तर्फ उठेका उम्मेदवारमध्ये उत्कृष्ट र इमानदार पात्र भएकाले सहयोग गर्न लागिएको बताए ।

समूहका उपाध्यक्ष राजाराम बलामीले बिष्टलाई विकासप्रेमी नेता भएकै कारण साथ दिन लागिएको बताए । जितिसकेपछि पार्टीको कुरा मात्र होइन, जनताको समस्याको आवाज सदनमा बुलन्द रुपमा उठाउन बलामी समूहको मत रहेको बुझ्नुपर्ने सुझाव दिए । विगतमा जिताएर पठाइएका प्रतिनिधिले जनता विरोधी र के सही के गलत नसोचिकन सदनमा टेबल ठोक्न मात्र सीमित भएको उल्लेख गर्दै त्यही प्रवृत्ति नदोहोऱ्याउन आग्रह गरिएको थियो । चुनावी प्रतिस्पर्धामा उत्रिएका विष्टले जनताको पक्षमा काम गर्ने र चुनाव हारेपनि जितेपनि जनताकै सेवामा लागिरहने प्रतिबद्धता व्यक्त गरे ।


**बागमती प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**जनस्वास्थ्य कार्यालय, मकवानपुर**
**हेटौंडा, नेपाल**

**पाठेघरको मुखको क्यान्सरविरुद्ध एच.पी.भी. खोप सञ्चालनसम्बन्धी जनहितमा जारी सन्देश**

मकवानपुर जिल्ला भित्रका विद्यालयहरुमा माघ २५ गतेदेखि २९ गतेसम्म विद्यालय केन्द्रित नियमित एच.पी.भी. खोप सञ्चालन हुँदैछ। उक्त खोप कार्यक्रममा कक्षा ६ मा अध्ययनरत छात्राहरुलाई खोप लगाइदैछ । आफ्ना नानीहरु अध्ययन गर्ने विद्यालयमा पाठेघरको मुखको क्यान्सरविरुद्ध एच.पी.भी. खोप सञ्चालन हुने दिनमा खोप लगाएको/नलगाएको सुनिश्चित गर्नुहोस् । उल्लिखित मितिमा खोप लागउन छुट भएका कक्षा ६ मा अध्ययनरत छात्राहरू र विद्यालय नजाने १० वर्षका किशोरीहरूका लागि फागुन ०६ गतेदेखि फागुन २२ गतेसम्म नियमित खोप क्लिनिकहरुमा समेत पाठेघरको मुखको क्यान्सर विरुद्ध एच.पी.भी. खोप लगाइँदैछ । साथै गत वर्षको अभियानमा यो खोप लगाउन छुट भएका हाल कक्षा ७ देखि १० सम्म अध्ययनरत छात्रा वा विद्यालय नजानेको हकमा ११ देखि १४ वर्षसम्मका किशोरीहरुलाई पनि खोप लगाइनेछ । थप जानकारी चाहिएमा नजिकैको स्वास्थ्य शाखा/जनस्वास्थ्य कार्यालय/स्वास्थ्य संस्था वा महिला स्वास्थ्य स्वयमसेविकाहरूसँग सम्पर्क राखौं वा नि:शुल्क कल सेन्टर ११११५ मा सम्पर्क गरौं ।

**जिल्ला खोप समन्वय समिति एवम् जनस्वास्थ्य कार्यालय, मकवानपुर**


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना